नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218




वर्ष १ | अंक १०९ | २०७९ साल फाल्गुन १४ गते आइतबार | Sunday 26, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## अनियन्त्रितरुपमा गिट्टीबालुवा उत्खनन्, मौन स्थानीय तह

*स्थानीयतहमा दर्ता नभएका कम्पनीहरु धमाधम जथाभावि गिट्टीबालुवा निकाल्दै कानूनी मापदण्ड मिचेर जथाभावि प्राकृतिक श्रोतमा धावा बोल्दा देखेकोनेदेखेझैं गर्ने स्थानीयतह, प्रहरी, प्रशासन भित्रभित्रै मिलेको देखिन्छ*



मुकेश कुमार यादव
सिरहा, १३ फागुन।

सिरहामा खुलेआम चुरे नजिकका खोलाहरुबाट अनियन्त्रितरुपमा गिट्टीबालुवाको अत्यधीक उख्खनन भैरहँदा स्थानीतह, प्रहरी प्रशासन समेत मौन देखिन्छनन् । औपचारिकरुपमा एउटा मात्र खानीले उत्खनन् गर्ने लाइसेन्स पाएको भएपनि खोलामा दर्जनौं स्काभेट संचालित छन । दैनिक सयौं टिपर गिट्टिबालुवा निकालिदै अन्यन्त्र पठाइन्छ।

जिल्लाको धनगढीमाई नगरपालिका १३ र ८ खजनपुर गाँउको पुर्व र इटारी देखि उतरबाट प्रहरी अनियनियन्त्रित किसिमले प्राकृतिक श्रोतको दोहन भैरहेको देखिन्छ । त्यहाँ अनुगमन स्थानीयतहका का न कुनै कर्मचारी हुन्छन् नत प्रहरी प्रशासनले कुनै रोकटोक गरेको देखिन्छ । धनगढीमाई नपा लगायत जिल्लाका विभिन्न पालिकाहरुमा ग्राभेल मफियाहरुले खानी दर्ता नै नगरी पर्यावरण मासिने गरी अवैध रुपमा मनपर्दि ग्राभेल उत्खनन गरिरहेको स्थानीहरु बताउँछन्। जिल्लाको नरहा गाउँ पालिका ३, गोलबजार नगरपालिका १ र ९ धनगढीमाई नगरपालिका ८ र १३ का विभिन्न स्थानबाट मनपर्दी गिट्टिबालुवा उख्खनन् भैरहेको देखिन्छ । खानी दर्ता विना अवैध रुपमा १० वटासम्म स्काभेटर प्रयोग गरी दैनिक सयौंवटा ट्रिफरमा प्रहरीकै आँखा अगाडिबाट बिक्रीकालागी अन्यत्र लग्दा सबै सरोकारबाला पक्ष मौन हुनुले उनीहरुको मिलेमतो रहेको प्रष्ट देखिन्छ ।

नगरहा गाउँ पालिक र गोलबजार नगरपालिकामा आजको मितिसम्म कुनैपनि खानी दर्ता भएका छैनन्। खानी दर्ता नभएपनि जनप्रतिनिधी र प्रहरी प्रशासनलाई आर्थिक प्रभावमा पारेर ग्राभेल उत्खनन् हुने गरेको नाम नवताउने शर्तमा एक स्थानीयले जनाए।

नरहा गाउँ पालिका ३ र गोलबजार नगरपालिका ९ बाट दिनदहाडै प्रहरीको अगाडिबाट ग्राभेल उत्खनन् गरी लगिरहेको भएपनि देखेर पनि नदेखे झै गरेको स्थानीयहरुको भनाई रहेको छ। स्थानीयहरुले भने, 'पछिल्लो समय यस क्षेत्रहरुमा ग्राभेल माफियाहरुले जोड जर्वजस्ती चलेको छ। जङ्गलका जग्गाहरु पनि दिनदहाडै उत्खनन गर्न थालेका छन् ।' नरहा गाउँ पालिका ३ का वडा अध्यक्ष मोहम्वद रुस्तम अन्सारीले आफ्नो वडामा ग्राभेल उत्खनन् गर्ने कुनै खानी दर्ता नभएको बताउँछन्। उनले भने, 'मेरो वडामा ग्राभेल उत्खनन गर्ने कुनै खानी दर्ता भएको छैन, रामबाबु यादवले पोखरी खनाउन वडासँग सिफारिस लिएका छन् । यो बाहेक अरु त्यस्तो कुनै खानी दर्ता छैन।'

गोलबजार नगरपालिकामा पनि कुनै प्रकारको ग्राभेल खानी दर्ता नरहेको वडा ९ का अध्यक्ष सुरेन्द्र सिंहले भनाई छ। अध्यक्ष सिंहले रामदयाल यादवले पोखरी खनाउन निवेदन दिएको बताए। उनले भने, 'रामदयाल यादवले पोखरी खनाउन दिवेदन दिनुभएको थियो, वडाले निवेदनको आधारमा नगरपालिकालाई सिफारिस सहितको जानकारी पठाएको छ, उत्खनन गरेको विषयमा मलाई जानकारी छैन। इजाजत विनै खन्ने र ग्राभेल निकालेर अन्यत्र लगेको पाइए कानुन बमोजिक कार्वाही हुन्छ।'

खानी दर्ता नभएपनि गोलबजार नपा ९ डण्डाबाट ग्राभेल उत्खनन् तथा ढुवानी कार्य भईरहेको स्थानियले जनाए। ग्राभेल उत्खनन भएपनि स्थनीय जनप्रतिनिधी भने अनभिज्ञ जस्तै वसिरहेका छन्।

ढुङ्गा, गिट्टी, र बालुवा बिक्री वितरण तथा व्यवस्थापन सम्बन्धी ऐन २०७७ मा दूरी,उत्खनन र सञ्चालनका कार्यविधिसमेत उल्लेख गरिएको छ। राजमार्ग, पुल, विद्यालय, बस्तीबाट यस्ता खानीहरु कम्तीमा पाँच सय मिटर दुरी हुनुपर्ने कानूनी व्यवस्था छ।

तर, कानूनको धज्जी उडाउँदै धनगढीमाई नगरपालिकाले वस्ती र विद्यालय नजिकै ग्राभेल उत्खनन् र ढुवानी गरिरहेका छन्। श्री आधारभुत विद्यालय धनगढीमाई नपा ८ को प्राङ्गणबाटै दैनिक सयौंको संख्यामा टिपर गुडीरहेका

- बाँकी पृष्ठ ६ मा

## राष्ट्रपतिमा पौडेल र नेम्वाङको उम्मेदवारी

*एमाले सरकारमै बसेर आठ दलिय गठबन्धन भत्काउने रणनीतिमा । कांग्रेसका पौडेल र एमालेका नेम्वाङ दुबै सर्वसम्मत हुने भन्दै प्रचारमा*





मधेशदृष्टि
काठमाडौ, १३ फागुन।

फागुन २५ गते हुने राष्ट्रपति निर्वाचनका लागि आठ दलीय गठबन्धनबाट नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र एमालेबाट पार्टी उपाध्यक्ष सुवासचन्द्र नेम्वाङले उम्मेदवारी दर्ता गराएका छन् ।

शनिबार निर्वाचन अधिकृतको कार्यालय नयाँ बानेश्वरमा पुगेर पौडेल र नेम्वाङले आआफ्नो उम्मेदवारी दर्ता गराए । राष्ट्रपति पदमा पौडेलको प्रस्तावकमा शेरबहादुर देउवा, माधव कुमार नेपाल, नारायणकाजी श्रेष्ठ, अशोक कुमार राई र अब्दुल खान रहेका छन् । यस्तै समर्थकमा महन्थ ठाकुर, पूर्णबहादुर खड्का, रञ्जिता श्रेष्ठ, चित्रबहादुर केसी र हितराज पाण्डे रहेका छन् ।

पौडेललाई माओवादी केन्द्र, जसपा, नेकपा एस, नागरिक उन्मुक्ति पार्टी, लोसपा, जनमत पार्टी र राष्ट्रिय जनमोर्चाले समर्थन गरेका छन् । पौडेलअघि नै नेम्वाङले संसद भवन पुगेर आफ्नो उम्मेदवारी दर्ता गराएका थिए ।

नेम्वाङको प्रस्तावकमा केपी शर्मा ओली, पृथ्वीसुब्बा गुरुङ, गोकर्णराज विष्ट, रघुबीर महासेठ र छविलाल विक रहेका छन् । यस्तै समर्थकमा योगेश भट्टराई, टोपबहादुर रायमाझी, जुलीकुमारी महतो महासेठ, दिलकुमारी रावल थापा र अमन कुमार मास्के रहेका छन् ।

एमालेले २५ गतेसम्म आफ्नो पक्षमा नतिजा ल्याउने रणनीतिका साथ तत्काल सरकारमै रहेर राष्ट्रपतिमा उम्मेदवार खडा गर्ने निर्णय गरेको हो । यो बीचमा एमालेले आठ दलीय गठबन्धन भत्काएर आफ्नो पक्षमा नतिजा ल्याउन भरपुर प्रयासमा जुटेको छ । एमालेले कांग्रेसबाहेकका सबै दललाई राष्ट्रपतिमा सघाउन पत्राचार गर्ने निर्णय पनि गरेको छ भने कांग्रेसले पनि दौडधूप सुरु गरेको छ।

राष्ट्रपतिका उम्मेदवार पौडेलले आफू सर्वसम्मत चयन हुने विश्वास ब्यक्त गरेका छन् । उम्मेदवारी दर्ता गराए पछि पौडेलले राष्ट्रपतिमा सर्वसम्मत हुने विश्वास व्यक्त गरेका हुन् । 'ओलीजी पनि मसँग जेलमा बस्नुभएको हो, पुरानो साथी हो। उहाँले पनि सबैको साझा पदमा सहमति जुटाउन योगदान गर्नुहोला भन्ने विश्वास लिएको छु,' पौडेलले सञ्चारकर्मीसँग भने, 'मैले सर्वसम्मत बन्ने इच्छा गरेको हो। निर्वाचनको दिनसम्म कोशिस रहन्छ ।' यसैगरी नेम्वाङले आफ्नो नाममा राष्ट्रिय सहमति हुने विश्वासकासाथ आफू राष्ट्रपतिको उम्मेदवार भएको बताएका छन् । उम्मेदवारी दर्ता गराइसकेपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै उनले यस्तो दाबी गरेका हुन् । उनले आफू सबै हिसावले संविधानको परिपालना गर्न लाग्ने दाबी गरे । उनले स्वास्थ प्रतिष्पर्धालाई सम्मान र जगेर्ना गर्दै देशमा स्वस्थ आधार र वातावरण तयार गर्न आफ्नो भूमिका हुने बताए । उनले व्यवहारमा जनताको राष्ट्रपति अनुभुत हुने ढंगले काम गर्ने प्रतिवद्धता जनाए।

### पौडेल र नेम्वाङको राजनीतिक यात्रा

**पौडेल** : २००१ असोज २९ गते तनहुँको मिलुङ बाहुनपोखरा (हालको व्यास नगरपालिका-८) मा बुबा दुर्गाप्रसाद र आमा ऋषिमाया कोखबाट मध्यमवर्गीय किसान परिवारमा जन्मेका पौडेल २०१५ सालदेखि कांग्रेसको राजनीतिमा लागेका हुन्। २०३४ सालमा पहिलो पटक पार्टीको केन्द्रीय सदस्य बनेका थिए । १२ औं महाधिवेशनबाट उपसभापति बनेका पौडेलले कार्यवाहक सभापतिको हैसियतमा २०७२ सालमा पार्टीको १३ औं महाधिवेशन सफलतापूर्वक सम्पन्न गरेका थिए।

पौडेलले राजनीतिक जीवनमा २०१८ देखि २०६२ सम्म अनेक पटक गरी झण्डै १५ वर्ष जेल जीवन बिताएका छन्। उनी पहिलो पटक २०१८ को भरतपुर काण्डको विरोधमा उत्रिँदा गिरफतार

- बाँकी पृष्ठ ६ मा

## विद्यार्थीको घरदैलोमा शिक्षक

*विद्यार्थीलाई नियमित विद्यालय नपठाए सेवा सुविधा रोक्न सकिने*




विनय कर्ण
सप्तरी, १३ फागुन।

रुपनी गाउँपालिका वडा नम्बर ४ स्थित छपकी भथौलमा शनिवार एकाविहानै हातमा ब्यानर लिएको एकटा टोली विद्यार्थीहरुको घरदैलोमा पुगेको देखियो । टोलीमा आधारभूत विद्यालय छपकी भथौलका शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, वडाध्यक्ष र स्थानिय राजनीतिक दलका कार्यकर्ता पनि सहभागी थिए । गाउँमा प्रायः यस्तो दृष्य नयाँ शैक्षिक सत्र शुरु भएको बेलामा देखिन्छ तर, विद्यालयमा विद्यार्थीको उपस्थिति लगातार घट्दै गएपछि रुपनी गाउँपालिका वडा नम्बर ४ स्थित रहेको आधारभूत विद्यालय छपकी भथौलका यी सबै सरोकारबाला 'विद्यालयमा विद्यार्थीहरुको नियमित उपस्थितिका लागि घरदैलो अभियान' कासाथ शनिवार विदाको दिन पारेर विद्यार्थीहरुको घरदैलोमा पुगेका हुन् । विद्यालयमा तीनसय ९२ जना विद्यार्थी रहेकोमा अचेल औसतमा हेर्दा एक सय देखि सवा सयको मात्रै उपस्थिति हुने गरेको आधारभूत विद्यालय छपकी भथौलका प्रधानाध्यापक बालकृष्ण यादवले जानकारी दिए।

उनले विद्यालयमा कुनै किसिमको सुविधा आए त्यतिबेला सुविधा लिन ८० प्रतिशत सम्मको उपस्थिति हुने गरेको र परीक्षाको बेला मात्रै सय प्रतिशत उपस्थिति हुँदा अध्ययन अध्यापनमा चुनौती थपिएको बताए । प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्म सञ्चालन हुँदै आएको सो विद्यालयमा "अहिले औसतमा ३० प्रतिशत मात्रै विद्यार्थी आउने गरेका छन्। सुविधा लिने बेलामा ८० प्रतिशत र परीक्षाको बेलामा मात्रै सय


- बाँकी पृष्ठ ६ मा



# असुरक्षाको कारण देखाउँदै कर्मचारीद्वारा सरुवाको माग

विकास अग्रवाल

रौतहट, ६ फाल्गुन । असुरक्षाको कारण देखाउँदै एक सरकारी कार्यालयका कर्मचारीहरुले सामुहिक रुपमा सरुवाको माँग गरेका छन् । यता प्रहरीले हालसम्म घटनाको जाहेरी दर्ता समेत गर्न सकेको छैन । जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी धमेन्द्र कुमार मिश्रलाई नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रका कर्मचारीहरुले ज्ञापनपत्र बुझाउँदै सामुहिक सरुवाको माँग गरेका हुन् ।



गैरकानुनी रुपमा विद्युत जडान नगर्दा आम जनता पार्टीका कार्यकर्ताहरुले गत साता कार्यालयमा बसीरहेका सहायक इन्जिनियर महेन्द्र चौधरीलाई कुटपिट गरेको विरोध गर्दे आन्दोलनमा उत्रेका कर्मचारीहरुलाई विभिन्न धाक धम्की आउन थालेपछि असुरक्षितभएकोभन्दैकर्मचारीहरुले सामुहिक राजिनामाको माँग गरेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । गत साता मौलापुर नगरपालिकामा सम्पन्न मधानी महोत्सवमा अवैध रुपले विद्युत सेवा जडान गर्न नमान्दा आम जनता पार्टीका नेता त्रिभुवन साह भनिने (अमर) र धिरज पाण्डेको नेतृत्वमा आएका ४० जनाले कार्यालयमा बसिरहेका सहायक इन्जिनियर चौधरीलाई दुर्व्यहार गर्दे निर्धात कुटपिट गरेका थिए । कर्मचारी माथि भएको दुर्व्यहार र कुटपिटको घटना भएको एक साता बितिसक्दा पनि हालसम्म सम्बन्धित निकायले घटनाको जाहेरी दर्ता गर्न सकेको छैन भने दोषीलाई पक्राउ समेत नगरेको कारण आफुहरु असुरक्षित महसुस गरेकोले सम्पूर्ण कर्मचारीहरु सामुहिक रुपमा सरुवाको माँग गर्दे सिडिओ मिश्र समक्ष सरुवा तथा जिउ ज्यानको रक्षाका लागि ज्ञापनपत्र बुझाएको नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रका कर्मचारी हरिमाधव सिंहले बताए ।

वितरण केन्द्रमा रहेका करिब १८ जना कर्मचारीहरुले संयुक्त रुपमा हस्ताक्षर गर्दे आफुहरु असुरक्षित भएको महसुस गरेको बताउँदै उनीहरुले नेपाल विद्युत प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालय तथा जिल्ला प्रहरी कार्यालयमा समेत बोधार्थ गरी ज्ञापन पठाएको अर्का कर्मचारी संजिप यादवले जानकारी दिए ।

कर्मचारी सरुवा तथा जिउ ज्यानको रक्षाका लागि ज्ञापन दिएको बताउँदै सिडिओ मिश्रले घटना सम्बन्धी छानबिन भईरहेको तथा कर्मचारीको सुरक्षाका लागि आवश्यक पहल गर्ने बताए । यसैगरी नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण शाखाले अति आवश्यक सेवा वाहेक सम्पूर्ण कामकाज अनिश्चितकालका लागि ठप्प पारेको छ ।

केन्द्रले एक विज्ञप्ती जारी गर्दे गएको सोमवार घटनामा संलग्न दोषीलाई कारबाहीको माँग गर्दे जिल्ला प्रहरीमा जाहेरी दर्ता गराउँन जाँदा जिल्ला प्रहरीले दर्ता गर्न अस्विकार गरेको समेत आरोप लगाईएको छ ।

कार्यालयबाट अधिकारिक रुपमा घटनाबारे जाहेरी दिन खोज्दा प्रहरीले लिन अस्विकार गरेको आरोप लगाउँदै वितरण केन्द्रका प्रमुख अरुण साहले राष्ट्रसेवक कर्मचारी बाटै राष्ट्र सेवक कर्मचारी पीडित बनेको बताए । यता घटनामा दुवै पक्षले एक अर्का माथि आरोप प्रत्यारोप गर्दे आएपनि सुरक्षाकर्मीहरुको भूमिका भने मौन देखिएको छ । दुवै पक्ष एकले अर्कामाथि दोषारोपण गर्दे आएपनि सुरक्षा अधिकारीहरुको भने भूमिका मौन देखिएको स्थानीय बासिन्दाहरुले बताएका छन् । सुरक्षा अधिकारीले घटना प्रति सचेत भएर तत्कालै समाधान गर्न नसके ठुलो क्षती हुने आशंका समेत स्थानीयहरुको रहेको छ ।

यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी बिरबहादुर बुढा मगरले समान्य विवाद हुँदा जिल्लामा अनावश्यक नामहरु राखेर जाहेरी दर्ता गराउने र केही दिनमै मिलापत्र गर्ने प्रचलन रहेले यसलाई छानबिन गरी जाहेरी दर्ता गर्ने प्रतिबद्धता व्यक्त गरे । दोषीलाई कानुनी कारबाहीको दायरामा लैजाने प्रतिबद्धता जनाएपनि हतारमा जाहेरी दर्ता गर्दा छानबिन प्रकृयामा अवरोध हुने भएकोले यसलाई गोप्य तथा सुक्ष्म रुपले अनुसंधान भईरहेको स्पष्ट समेत पारे ।

# संतनिरंकारी मंडल जनकपुरधामद्वारा बृहद् सरसफाइ कार्यक्रम

मधेशदृष्टि, जनकपुरधाम , १३ फागुन ।

संतनिरंकारी मंडल जनकपुरधामको आयोजनामा स्वच्छ जल ,स्वच्छ मन नाराका साथमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत कपलेश्वर वार्ड १६ स्थित महादेव मन्दिरको नजिकै रहेका धार्मिक महत्व बोकेका गणपति पोखरीमा शनिवार बृहद सरसफाइ गरिएको छ ।




संतनिरंकारी मंडली जनकपुरधामका अध्यक्ष बेचु रजकको अगुवाइमा भएको कार्यक्रमलाई संबोधनगर्दै रजकले धार्मिक नगरी जनकपुरधाम पोखरीको शहर भनेर पनि चिनिने भएकोले यसको सरसफाइ सौन्दर्यकरणमा जोड दिन आग्रह गर्दै उनले पानी जीवन हो र जीवन सम्भव हुनका लागि पानीको उपस्थिति अपरिहार्य रहेको बताए । अध्यात्मिक ,धर्मशास्त्रदेखि विज्ञानसम्मले जीवनको उत्पत्ति पानीबाटै सुरु भएको भन्ने तर्क पेस गर्दै रजकले अझ हाम्रो शरीरको रासायनिक विश्लेषण गरेर हेर्ने हो भने यसको ७० प्रतिशत हिस्सा पानीले नै ओगटेने भएकोले जलाशयको महत्व बुझी सरसफाइ संरक्षणमा जोड दिन आग्रह गरेका थिए ।

कार्यक्रममा विभिन्न वक्ताहरुले हामी एक जुटभएर समाजिक संरचना जलाशय सरोवर प्रसिद्ध धरोहर सम्पदाको संरक्षण तथा सफा - सुन्दर राख्नुपर्नेमा जोड दिएका थिए । सरसफाइ कार्यक्रममा कपिलदेव यादव, बिनोद निरंकारी ,राम ज्ञान मंडल ,विशेषवर यादव ,राज कुमारी पुर्वे ,सैलेन्द्र साह लगायत स्थानीय समाजसेवी , शिक्षक , युवा, विद्यार्थीहरुको सहभागिता रहेका थिए ।

# वीरगंज नाका भएर ठुलो परिणाममा कवाडी सामानको तस्करी

सरोज खड्का

वीरगंज १३ फागुन ।

वीरगन्ज नाका भएर ठुलो परिमाणले कवाडी सामानको तस्करी हुँदै आएको छ । कुनै पनि मालवस्तु पुरानो भई फाल्न पर्ने अवस्थाको भए आफैले पुनः प्रयोग तथा नष्ट गर्नुपर्ने नेपाल भारत बिच सम्झौता भए पनि प्रहरी प्रशासन संगको संलग्नतामा नेपालमा उत्पादन भएका पुरानो कवाडि भारत तर्फ निर्वाद रुपमा तस्करी हुँदै आएको छ ।

नेपालमा तेस्रो मुलुकबाट आयात भएका अस्पतालमा प्रयोग भईसकेको फोहोर जन्य पदार्थ समेत भारत तर्फ तस्करी हुने गरेको छ । वीरगन्जको मुल गेट भन्सार पछाडिको ईनर्वा गाउको चोर नाका भएर ठेलामा लोड गरि दैनिक सयौ ठेला कवाडिको सामान भारत तर्फ तस्करी हुने गरेको छ ।

नेपालमा पुरानो फलामको मूल्य बढि भएकोले भारत तर्फ तस्करी हुन छाडेको छ भने अन्य कवाडि वस्तुहरुमा सेनेटरी प्याड , वाईट कृष्टल ,रङ्गिन कृष्टल , टेलिफोन , सुई , सिरिन्च, केवल तार , मोटर गाडिका पुराना पार्टसहरु ,,स्टिलका भाडा वर्तन , सिलिकन, स्लाईन पानी तथा प्लाष्टिकका बोतल,जिन्क एस बैट्रिको धुलो (छाई), जनावरको हड्डि , तामा,पितल,सिल्वर,काटुन,कागजहरु, जुट , पुराना कपडा , साबुनको माटो , रेडबुलको क्यान, प्लास्टिकका बोतलहरु , नाईलन कपडा , सिडि चक्का , जुटका पुराना बोराहरु वीरगन्ज महानगरपालिका वडा नं १६ मा भण्डारण गरिन्छ भने त्याहा बण्डल बनाएर ठेलामा लोड गरि रातको समयमा भारत तर्फ चोरी निकासी गरिन्छ ।

भारत तर्फ निकासि गर्दा भन्सारमा कार्यरत सशस्त्र प्रहरी निरिक्षक रविन्द्र भट्टले मासिक १५ लाख ईनर्वा प्रहरी चौकि मासिक ५ लाख ईनर्वा गाउँ चौकि २ लाख रकम कैरियरबाट असुल गर्ने गर्दछ भने वीरगन्ज भन्सार गेटमा कार्यरत सशस्त्र प्रहरीले प्रति ठेला १०० रुपैया ईनर्वा चौकिको गेटमा प्रति ठेला २०० रुपैया रजत जयन्ति चौकि,ईनर्वा गाउँ प्रहरी चौकिका सिपाहिले प्रति ठेला सय रुपैया असुल गर्ने गर्दछन भने जिल्लाबाट खटिएको प्रदेशबाट खटिएको घुमुवा प्रहरी टोलीले तालुक कार्यालयको नाममा ५ देखि ७ लाख सम्म असुल गर्ने गरेको श्रोतले जनाएको छ । पर्सेली पत्रकारहरुको नाममा मात्र ५ लाख छुटयाईएको हुन्छ भने जिल्ला प्रसाशन,जिल्ला प्रहरी ,सशस्त्र प्रहरीको लागि मासिक रकम बुझाईने गरिन्छ । नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको नाममा ५/५ लाख छुट्याएको हुन्छ ।

वीरगन्जको मुल गेट र ईनर्वा गाउँ भएर दैनिक १५०/२०० ठेला कवाडि भारत तर्फ चोरी निकासी हुने गर्दछ । एक ठेलामा १० कुण्टल कवाडिको वस्तु लोड हन्छन ढुवानी गर्ने मजदुरले प्रति केजि १०/१२ रुपैया सम्म आफ्नो मजदुरी लिने गर्दछन । तस्करीमा सामान विनारोक टोक सिमा पार भारत पुग्छ र त्याहा पनि रकमि खेल सुरु हुन्छ ।

सिमा पार रक्सौल फल मण्डिमा कवाडिको गोदाम छ । त्याहा ठेला मार्फत पुगेको कवाडिको सामान ट्रकमा लोड गरिन्छ एक ट्रकमा १० टन देखि ४० टन सम्म लोड हुन्छ भने विचौलियाले प्रति १० टनको ४० हजार भारु असुल गर्ने गर्दछ । सो रकम भारतिय सिमा सुरक्षा बल,रक्सौल कस्टम ,थानाका साथै स्थानिय रंगदारहरुलाई समेत वितरण गरिन्छ ।

कवाडिको कारोबारमा करोडौको लगानी हुने गरेको छ । वीरगंजको इनर्वा गाउमा मात्र सौंको संख्यामा कवाडिको सामानको गोदम छन । तिनै गोदाममा कवाडिको सामानको बण्डल बनाएर ठेलामा लोड गरि भारत तर्फ चोरी निकासि हुने गरेको स्थानियले जनाए । कवाडिको कारोबार गर्ने मुख्य व्यक्ति भारतिय नागरिक हुन ।

लुकमान मिया,नौसाद अली , शाहिल अली खान , मनोज जयसवाल गुड्डु साह कानु , मदरासि मिया अली , अनिस खान , राजकुमार जैयसवाल ,विरेन्द्र विहारि , अवधेश ,मिश्रा जी , पप्पु जी लगायतका सयौ मुख्य व्यापारी हुन भने साना कारोबारी १५९ जना भन्दा बढि छन । कबाडिको सामानको कारोबारिहरुले आफै तस्करी गर्दैन्न कैरियरलाई जिम्मा दिएर प्रति केजिको हिसाबले रकम दिने गर्दछन । कवाडीको सामान ढुवानी गर्ने जिम्मा लिने बिचौलियाहरु मेहबुब आलम , ईमरान आलम ,सरफुल्लाह खान , सहिद खान , तमन्ना खान , मक्बुल मिया, युनुस मिया प्रदिप पटेल , सफिक खान लगायतका तस्करहरु रहेका छन ।

उनिहरुले वीरगन्जका गोदाममा जिम्मा भएका कवाडिको सामान सिमापारि गराउने प्रति केजिको हिसाबले लिन्छन र सिमावर्ति दुई राष्ट्रिय सुरक्षाका निकायहरुलाई मोटो रकमको नजराना भेट चढाएर कैरियरहरुले नै सेटिङ्ग गर्ने गर्छन ।

नेपाल भारत बिच एक अर्का देशमा उत्पादन भएका पुराना काम नलाग्ने बस्तु आफैले विशर्जन गर्नु पर्ने सम्झौता भएको भएता पनि वीरगंज नाका भएर दैनिक ठुलो परिमाणको कवाडी भारत तर्फ तस्करी हुँदै आएको छ । तलदेखि माथि सम्म सेटिङ्ग गरिएको कारण कवाडिको तस्करले चर्चा पाउने गरेको छैन कोहि कुनै पत्रकारले समाचार बनाई हाल्यो भने उस्को तुरुन्तै मुख बन्द गर्ने व्यवस्था गरिन्छ ।

# राजपुरमा एनजिओ आइएनजिओहरुको प्रगती विवरण सार्वजनिक

आरके श्रीवास्तव

गरुडा,१३ फागुन । रौतहट जिल्लाको राजपुर नगरपालिकामा एनजिओ आइएनजिओहरुको प्रगती विवरण सार्वजनिक भएको छ । नगर प्रमुख डा.राजिक आलमको प्रमुख आतिथ्यतामा बसेको बैठकले सो विवरण सार्वजनिक भएको हो ।



बैठकमा बालविवाह,उमेर नपुगी र जबरदस्ती गरिने विवाह सम्बन्धि अध्ययन २०७९- को संक्षिप्त जानकारी गराइएको थियो । राजपुर नगरपालिकाले १ श्रावण, २०७७ देखि १५ असार, २०७९ सम्म सबै वार्डहरूमा भएका स्थानीय विवाहको जानकारी संकलन गरेको छ । तथ्याङ्कमा आधारित रही योजना तर्जुमागरी वालविवाह अन्त्यगर्न प्रभावकारी कृयाकलापहरु संचालनार्थ राजपुर नगरपालिकाले आ.व. २०७८/०७९ मा बालबिवाह र बालश्रम सम्बन्धि नगरपालिका स्तरमा जनगणना सम्पन्नगरी अध्ययन गरिएको थियो । राजपुरका ९ वडाहरूको ८ हजार ५ सय ६६ घरधुरीमध्ये जम्मा ८ हजार ५१३ घरपरिवार अध्ययनमा सहभागी हुन सहमत भएको कुरा जानकारी गराइएको थियो । योजना गणना अत्याधुनिक तथ्याङ्कसंकलन प्रविधि, स्थानीय श्रोत र जनशक्ति परिचालनगरी सम्पन्न भएको जानकारी गराइएको थियो । यस कार्यबाट स्थानीयस्तरमा यसकिसिमका अध्ययन अनुसन्धान गर्ने क्षमता विकास भएको र भविष्यमा नगरपालिका आफैले यस्ता अध्ययनलाई अगाडी बढाउन सक्ने बताइएको थियो । यसकार्यमा ब्रेक थ्रु एक्सन कोबालविवाह, उमेर नपुगीर जबरजस्ती गरिन विवाहन्यूनीकरणका लागि स्थानीयप्रणाली सुदृढीकरण परियोजनाको प्रविधिक सहयोग रहेको जानकारी गराइयो ।

बैठकमा यी मुख्य नतिजाहरू बारेमा जानकारी गराइए राजपुरका ८,५१३ घरपरिवार मध्येकुल ६१९ (७%) ले पछिल्लो २३ महिनामा आफ्नो परिवारमा विवाह गरेको रिपोर्ट गरेका छन् । यी ६१९घरधुरीबाट जम्मा ६४९ विवाह सम्पन्न भएका छन् । ६४९ विवाह मध्ये राजपुरका ३ सय ४४ छोरी र ३०५ छोराको विवाह भएको थियो ।

पछिल्लो २३ महिनामा भएका ६४९ विवाहमध्ये १६% (१८ वर्षभन्दा कम उमेरका व्यक्तिहरू) र ४१% (२० वर्षभन्दा कम उमेरका व्यक्तिहरू) थिए । पछिल्लो २३ महिनामा १५ प्रतिशत विवाह ठ्याक्कै २० वर्ष उमेर समूहका बीच भएका छन् ।

पछिल्लो २३ महिना मा विवाह गरेका २३ प्रतिशत छोरीहरू १८ वर्षभन्दा कम उमेरका थिए। भने पछिल्लो २३ महिनामा विवाह गरेका छोराहरूको मात्रै ७ प्रतिशत १८ वर्षभन्दा कम उमेरका थिए । पछिल्लो २३ महिना मा विवाह गरेका ५४ प्रतिशत छोरी २० वर्षभन्दा कम उमेरका थिए । जबकि पछिल्लो २३ महिनामा विवाह गरेका २८ प्रतिशतछोराहरू २० वर्षभन्दा कम उमेरका थिए। २० वर्षभन्दा कम उमेरका बीचमा पछिल्लो २३ महिनामा भएका विवाहहरूमध्ये, घरपरिवारहरू प्रायः मुस्लिम र अन्यमधेश/तराई जातिसमूहहरूका थिए । जात/जाति राजपुरमा गत २३ महिनामा १८ वर्ष मुनिका विवाहभएका छोरीहरूमध्ये ६२% मुस्लिम परिवारका थिए र ३३% अन्य मधेस/तराई जातिय समूहका थिए । १८ वर्षको उमेर नपुग्दै पछिल्लो २३ महिनामा विवाह गरेका छोराहरूमध्ये ९१% मुस्लिम परिवारका थिए र ९% अन्य मधेश/तराई जातिय समूहका थिए ।शिक्षा राजपुरमा, ठूला मुस्लिम जनसंख्याको कारण शैक्षिक उपलब्धिमा मदरसा-आधारित संस्थाहरूमा उपस्थिति समावेश थियो । पछिल्लो २३ महिनाभित्रको विवाहको हकमा २० वर्षभन्दा कम उमेरका व्यक्तिहरू विवाहगर्दा, छोरीहरूको (३६%) तुलनामा छोराहरूको उच्चप्रतिशत (४२%) निरक्षर थिए । विगत २३ महिनामा २० वर्ष नपुग्दै विवाह गरेका १% भन्दा कमछोरी र ४% भन्दा कम छोराले उच्च शिक्षा पाएका छन् । त्यसैगरी २० वर्षनाघी विवाह गरेका ७% छोरी र १३% छोराले उच्च शिक्षा पाएका छन् ।

बालविवाहका सम्बन्धमा अभिभावकको मनोवृत्ति / धारणा राजपुरमा, विगत २३ महिनामा छोरा वा छोरीको विवाह भएको घरपरिवारका प्रमुखहरू (अभिभावक) लाई छोरा वा छोरीको कम उमेरमा विवाह गर्ने धारणाबारे सोधिएको थियो । ६१९आमाबाबु/अभिभावकहरू मध्ये, ७% आमाबाबु दृढतापूर्वक सहमत थिए । र ८१% सहमत थिए कि छोराहरूले २० वर्षभन्दा कमकेटीसँग विवाह गर्नुहुँदैन । त्यसैगरी,२० वर्षभन्दा कम उमेरमा छोरीहरूको विवाह गर्न नहुने कुरामा ११% अभिभावकहरू दृढतापूर्वक सहमतर ७१% सहमत थिए। छोरीहरूको २० वर्षभन्दा कम उमेरमा विवाह गर्दा उनीहरूलाई गर्भावस्थाको समयमा जटिलताहरू हुने जोखिममा राख्नेकुरामा १४ प्रतिशत अभिभावकहरू दृढतापूर्वक सहमतर ८१% सहमत थिए ।प्रमुखनिष्कर्ष यी निष्कर्षहरूले स्थानीय तथ्याङ्क प्रदान गर्दछ ।

जुन नगरपालिकाद्वारा निर्णयलिने र लगानीलाई मार्ग दर्शनगर्न प्रयोग गर्न सकिन्छ । साथै यी निष्कर्षहरूले बालविवाहलाई सम्बोधन गर्न थप वकालतको लागि आवश्यक प्रमाणहरू प्रदानगर्छन् । बालविवाहलाई सम्बोधन गर्न कामगर्ने सरोकारवालाहरुलाई सुझाव दिन्छ, र आमाबाबु/अभिभावकहरू बीचबालविवाह सँग सम्बन्धित अभिप्राय र मनोवृत्तिहरू पहिचान गर्छन् । यसबाहेक,बालविवाहको आवश्यक स्थानीयस्तरका प्रमाणहरू प्रदान गर्छ ।

जुन नगरपालिकाले समयसमयमा अनुगमन गर्न प्रयोग गर्न सक्छ । स्थानीय बालअधिकार समितिहरू र वार्ड बालअधिकार समितिहरू लाई स्थानीय स्तरमा बालविवाहको आवधिक तथ्याङ्क सङ्कलन गर्न परिचालन गर्न सकिन्छ । सो अवसरमा उपपेयर जमिला असगरी, नि.प्रमुख प्रशासकिय अधिकृत बैजु ठाकुर, लगायतका व्यक्तीहरुको उपस्थिती रहेको थियो ।

# रौतहटमा लघुवित्तबाट पिडित बनेको भन्दै संगठित

मुकेश कुमार साह

रौतहट,१३ फागुन । लघुवित्त पिडितहरु संगठित हुन थालेका छन् ।

लघुवित्तका कारण चर्कोव्याज खेप्नु परेको घरपरिवारमा झगडा हुन थालेकोले रौतहटका बिभिन्न टोलका पिडितहरु संगठित हुन थालेका छन् । एकै ब्यक्तिलाई १५ वटा सम्म लघुवित्तले लगानी गरेका कारण पैसा तिर्न नसकेपछि ऋणिलाइ घरमै आएर धाकधम्की दिन थालेपछि पिडितहरु संगठित बन्न थालेका हुन ।

ऋण लिनेहरुले लघुवित्तको नियम अनुसार १० देखि ५० जनाको महिला समूह गठन गरेर ऋण लिने गरेका छन् । समूह र बचत अनुसार लघुवित्तले १ देखि ५ लाखसम्म ऋण दिने गरेको छ । एकलाख ऋणमा बीमा, आपतकालीन सेवा शुल्क गरेर १० हजार काटिन्छ । हातमा परेको ९० हजार को वर्षमा लघुवित्तलाई १ लाख ६० हजार बुझाउनुपर्छ । ६ हजार बचतमा बस्छ । किस्ता तिर्न आनाकानी गरे महिला समूह लगाएर घरमा भएको भाँडाकुँडा,जिन्सी समान समेत लाने गरेको ऋणिहरुको भनाइ छ ।

रौतहटको चन्द्रपुर नगरपालिकाकादुईवटा गाँउमा मिटर व्याज तथा लघुवित्तको बिरुद्ध संघर्स समिति गठन भएको छ । गएको शुक्रबार चन्द्रपुर ८ बेतौनामाउर्मिला देवीपासवानको नेतृत्वमा संघर्स समिति गठन भएको हो । यस्तै शुक्रबार चन्द्रपुर ९ को नयाँ बस्ती कटानीमा पनिलिला देवी रामको अध्यक्षतामा संघर्ष समिति गठन भएको छ ।

मिटर व्याज तथा लघुवित्तको ठगि बिरुद्ध संघर्स समिति रौतहटका संयोजकशिवशंकर महतोले अब गाउँगाउमा समिति बन्न थालेको बताए ।

# गरिबलाई लघुवित्तको ऋण गलपासो सरी

मधेशदृष्टि

चन्द्रपुर १३ फागुन । चन्द्रपुर नगरपालिका वडानं ५ की ३४ बर्षिय प्रेमा देवी गोसाईको आधादर्जन लघुवित्त संग कारोवार छ ।

एक बर्ष अघि मुटु रोगका कारण उनको श्रीमान शंकर गोसाइको मृत्यु भएपछि लघुवित्तबाट लिएको ऋण तिर्न नसकेकोले पछिल्लो दिन दिनहु जसो लघुवित्तका कर्मचारीको गाली खेप्दै आएको बताउछिन् । आफ्नो नाममा एक घुर जमिननभएकाशंकर गोसाइबागमती सिंचाई आयोजाको नहरको डिलमा सानो छाप्रो बनाएर बसेकी छिन । लघुवित्तबाट ऋण लिएर उपचार गर्दा चार लाख सकिएको उनी दुखेसो पोखिन । प्रेमा देबीलाई आफ्ना दुई छोरा र एक छोरीको पालन पोषणका लागि हातमुख जोड्नै समस्या परेका बेला आधा दर्जन लघु वित्तका कर्मचारीको दिनकै गालीले थप पीडा दिने बताउछिन् । नेशनल लघुवित्त एक लाख,डिप्रोक्स लघुवित्तबाट एक लाख ५० हजार ,आशा लघुवित्तबाट एक लाख ,समता लघुवित्तबाट ७० हजार ,हम सव लघुवित्तबाट ८० हजार ,निरुडे लघुवित्तबाट एक रुपैया उनले ऋण लिएको उनको भनाइ छ ।

मासिक रुपमा नेशनललाई १३ हजार ,डिप्रेक्सलाई १७हजार ,आशालाई १० हजार ,समतालाई सातहजार ,हमसवलाई ८ हजार र निरुडेलाई १० हजारमा दरले किस्ता तिर्नु गरेकी छिन् ।दिनको पाँच सयको पनिव्यापार नहुने उन्को सानो घुम्ती पसल छ । लघुवित्तको मासिककिस्तातिर्न नसकेपछि उनीदिनकै लघुवित्तका कर्मचारीको गाली सहन बाध्य भएकी छिन् ।आफुले कुन लघुवित्तमा कतिकिस्ताबुझाँएभन्ने समेत थाहा छैन् । लघुवित्तका कर्मचारीले ऋणीलाई



दिनुपर्ने पासबुक समेत आफैले लिएर गएको प्रेमादेबीको भनाइ रहेको छ । लघुवित्तका कर्मचारी दिनहु घरमा आएर ऋण तिरेन भने नागकिरताखारेज हुन्छ ,छोरा छोरीको नागरिकताबन्दैन् ,विद्यालयमापढनपाउँदैन,पत्रिकामा तीन पुस्ताको नाम छापिन्छ भन्दै तर्साउने गरेको उनको गुनासो छ ।

### सीमा सुरक्षा समितिको बैठक

# सीमामा हुने अपराध, लागुऔषध ओसार पसार, सीमा स्तम्भ बारे छलफल



मधेशदृष्टि
जनकपुरधाम, फागुन १३ गते। जनकपुरधाममा नेपाल र भारतका सुरक्षाकर्मीबीच सीमा जिल्ला सुरक्षा समन्वय समितिको बैठक सम्पन्न भएको छ।

शनिबार सम्पन्न बैठकमा सीमामा हुने अपराध, लागुऔषध ओसारपसार, सीमा स्तम्भको अवस्था लगायतको विषयमा छलफल भएको धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले जनाएको छ।

उनले दुई देशबीचको सुरक्षाकर्मीहरुको संयुक्त बैठकबाट सीमा सुरक्षा व्यवस्थामा कडाईका साथै अपराधका सूचनाहरु एक आपसमा आदान प्रदान गर्ने निर्णय सहित हामीबीच सीमा क्षेत्रमा हुने अपराध, अतिक्रमण, फेक करेन्सी, लागुऔषध ओसारपसार नियन्त्रण लगायतका सम्बन्धमा छलफल भएको बताए।

नेपाल र भारतका सुरक्षाकर्मीको नियमित बैठक भएको बताउँदै प्रमुख जिल्ला अधिकारी दाहालले भने ' यी बैठकले दुई देशबीचको सम्बन्ध पनि सुमधुर हुन्छ र हामी समय समयमा सुरक्षाकर्मीहरुबाट सहयोग पनि पाउँनेछौं ।' बैठकले सीमामा हुने अपराध कसरी नियन्त्रण गर्ने, लागुऔषध सम्बन्धी नियन्त्रण कसरी गर्ने, सीमा स्तम्भहरुको अवस्था कस्तो छ ? मर्मत गर्नुपर्ने भए सम्बन्धित निकायमा पहल गर्ने, हराएको भए खोजी गर्ने लगायतको पनि निर्णय भएको उनले जानकारी दिए।

बैठकमा नेपालको तर्फबाट धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल, महोत्तरी, सिरहा र सप्तरीका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रमुखहरुको उपस्थिति रहेको थियो । भारतको तर्फबाट मधुवनी जिल्लाका जिल्ला अधिकारी अरविन्द कुमार वर्मा, बिहार प्रहरी, एसएसबी लगायतका सुरक्षाकर्मीहरुको सहभागिता रहेको थियो।

# बार एसोशिएसनको केन्द्रिय कार्यकारिणी परिषदको ४८ औँ बैठक वीरगंजमा




मधेशदृष्टि
वीरगञ्ज,१३ फागुन।
नेपाल बार एसोशिएसनको केन्द्रिय कार्यकारिणी परिषदको ४८ औं बैठक शनिवारबाट वीरगंजमा सुरु भएको छ।

केन्द्रिय परिषद बैठकको शनिवार एक कार्यक्रमका बिच उदघाटन गर्दै नेपाल सरकारका महान्यायधिवक्ता दिलमणी पोखरेलले न्यायमा सर्वसाधारणलाई सहज पहुचको लागि कानून व्यवसायीहरुको महत्वपूर्ण भूमिका हुने बताएका छन्।

उनले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई पारदर्शी र व्यवस्थित बनाउँदै अगाडी बढेमात्र लोकतन्त्र र गणतन्त्रको अनुभूति सर्वसाधारण नेपालीले गर्न पाउने कुरामा जोड दिए।

पेशागत उत्कृष्टता र हाम्रो प्रतिबद्धता भन्ने नाराका साथ वीरगंजमा सुरु भएको ४८ औं बैठकले कानून व्यवसायीको हक अधिकारको सुनिश्चिता गर्दै न्याय सम्पादनलाई अझ सशक्त बनाउने कुरामा आफू आशावादी भएको मुख्यन्याधिवक्ता पोखरेलले बताए।

नेपाल बार एशोसिएशनका अध्यक्ष गोपाल कृष्णा घिमीरेको अध्यक्षतामा सुरु भएको कार्यकारिणी परिषदको ४८ औं बैठकले समेत वीरगंज घोष्णापत्र जारी आईतबार सम्पन्न हुने जनाईएको छ।

बैठकमा नेपाल बार एशोसिएशनका देशभरका १५ सय भन्दा बढी कानून व्यवसायी तथा बार एशोसिएशनका पदाधिकारी तथा प्रतिनिधिहरुको सहभागिता रहेको छ।

# सुख्खा बन्दगाहमा ३५ सय सवारी साधन लामो समयदेखि थन्किदै

मधेशदृष्टि, वीरगञ्ज,१३ फागुन। आईसिपी भन्सार वरिगंज, सिर्सिया सुख्खा बन्दरगाह भन्सार वीरगंजलगायत देशका अन्य भन्सार नाकाहरुमा भारत तथा तेस्रो मुलुकबाट आयात गरिएका ३५ सय भन्दा बढी सवारी साधन लामो समयदेखि रोकिएका छन्।

नेपाल राष्ट्र बैंकको निर्देशनमा बैंक तथा वित्तीय संस्थाले फाइनान्सिङ (अटो लोन) स्वीकृत नगर्दा गाडी नाकामै रोकिएको गाडी व्यवसायीले बताएका छन्। देशमा तरलता अभाव तथा अटो लोनमा कडाइका कारण गाडी नाकामै थन्किएको उनीहरूको भनाइ छ।

नेपाल अटोमोबाइल्स एशोसिएशन अफ नेपालले भन्सार नाकामा गाडी थन्कने क्रम बढ्न थालेको जनाएको छ। बैंक तथा वित्तीय संस्थाले कर्जा नदिंदा भन्सार नाकामा गाडी रोकिएको नेपाल अटोमोबाइल्स एशोसिएशन अफ नेपालका अध्यक्ष ध्रुव थापाले बताएका छन् । विदेशी मुद्राको सञ्चितिलाई देखाउँदै सरकारले गत वैशाख १३ गतेदेखि चारपाङ्ग्रे गाडी आयातमा प्रतिबन्ध लगाएको थियो । सरकारले आयातमा प्रतिबन्ध लगाउनु अगाडिदेखि नै भन्सार नाकामा सार्वजनिक सवारी (प्यासेन्जर भेकल) थन्किएको थापाले जानकारी दिए। नेपाल राष्ट्र बैंकले लागू गरेको अटो लोन/हायर पर्चेज कर्जामा जोखिम भारलाई १५० प्रतिशतबाट पुरानै अवस्था ७५ प्रतिशतमा नल्याएसम्म सवारी साधनको खरीदविक्रीमा कुनै सुधार हुन नसक्ने थापाले बताए।

गत वर्षमा वार्षिक रुपमा १८ हजारभन्दा बढी गाडीहरु भित्रिने गरेकामा हाल ८ हजार हारहारीमा मात्रै भित्रिएको छ । नेपाल भित्रिएका ८५ प्रतिशत गाडी बैंक तथा वित्तीय संस्थाबाट ऋण उपलब्ध हुने गरेको भन्दै अटो लोनमा गरिएको कडाइ तत्काल हटाउन व्यवसायीहरुले आग्रह गरेका छन्।

# रकम सहित भारतीय महिला पक्राउ

मधेशदृष्टि
सप्तरी, १३ फागुन। सप्तरी प्रहरीले श्रोत नखुलेको रकम सहित एक भारतीय महिलालाई नियन्त्रणमा लिएको छ ।तिलाठी कोईलाडी गाउँपालिका वडा नम्बर १ स्थित रहेको बेल्ही भन्सार कार्यालय अगाडीबाट भारतको विहार राज्य अन्तर्गत जिल्ला सुपौलको कुनौली कमलपुर बस्ने ३१ बर्षीया अस्मिताकुमारी साहलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

नेपाल प्रहरी, सशस्त्र प्रहरी र भन्सार कार्यालयको कर्मचारी सहितको संयुक्त चेकिङ टोलीले शंकालागी चेक जाँच गर्दा उनको साथबाट श्रोत नखुलेको रु.६ लाख ८३ हजार तीनसय र भारतीय रु पच्चास हजार समेत गरी रु. ७ लाख ६३ हजार तीनसय फेला परेकोले उनलाई नियन्त्रणमा लिईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।बरामद रकम सहित साहलाई थप कारवाहीका लागि आन्तरिक राजस्व अनुसन्धान कार्यालय ईटहरी सुनसरी पठाइएको प्रहरी प्रवक्ता नरेश कुमार सिंहले जानकारी दिए।

# कसरी हुन्छ राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन ?

*प्रतिनिधिसभामा कुल २७५ सदस्य र राष्ट्रियसभामा कुल ५९ सदस्य गरी ३३४ सदस्य संघीय संसदमा रहेका छन् ।सातवटा प्रदेश सभामा कुल ५५० प्रदेश सभा सदस्यहरू छन् । राष्ट्रपतिको निर्वाचनमा कुल ८ सय ८४ मतदाता हुनेछन्। संघीय सांसदका सदस्यको मतभार ७९ हुने छ भने प्रदेशसभा सांसदको मतभार ४८ हुने छ*

काठमाडौं, १३ फागुन
निर्वाचन आयोगले नयाँ राष्ट्रपतिको निर्वाचन फागुन २५ गते तय गरेको छ भने उपराष्ट्रपतिको निर्वाचनलाई त्यसको आठ दिन पश्चात अर्थात् चैत्र ३ गते गर्ने घोषणा गरेको छ । वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीको कार्यकाल आगामी फागुन २८ गते र उपराष्ट्रपति नन्दबहादुर पुनको कार्यकाल चैत ३ गते सकिँदैछ। आम जनतामा भण्डारी र पुनका उत्तराधिकारी चयन गर्ने निर्वाचन प्रणाली सम्बन्धी केही जानकारी।



**राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन व्यवस्था ?**

नेपालको संविधान २०७२ को धारा ६२ मा राष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था गरिएको छ । उक्त धारामा गरिएको व्यवस्थाअनुसार राष्ट्रपतिको निर्वाचन संघीय संसद्का सदस्य र प्रदेशसभाका सदस्यहरू मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ। संघीय संसद अन्तर्गतको प्रतिनिधिसभामा कुल २७५ सदस्य र राष्ट्रियसभामा कुल ५९ सदस्य गरी ३३४ सदस्य संघीय संसदमा रहेका छन् । यसैगरी सातवटा प्रदेश सभामा कुल ५५० प्रदेश सभा सदस्यहरू रहेका छन् । यसरी राष्ट्रपतिको निर्वाचनमा कुल ८ सय ८४ मतदाता हुनेछन्।

धारा ६२ मै थप भनिएको छ-संसद्का सदस्य र प्रदेशसभाका सदस्यको मतभार संघीय कानुन बमोजिम फरक हुनेछ । संघीय संसद सदस्यहरू र प्रदेश सभा सदस्यहरूको फरक फरक मतभार गणना हुन्छ । यसरी दुबै सभाका सदस्यहरुले खसालेको कुल मतभारको न्युनतम ५० प्रतिशतभन्दा बढी मत ल्याउने व्यक्ति संवैधानिक व्यवस्था अनुसार राष्ट्रपति वा उप राष्ट्रपतिमा निर्वाचित हुने व्यवस्था छ।

**कसरी हुन्छ मतभारको गणना ?**

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन २०७४ अनुसार मतभार निकाल्दा संघीय संसदमा रहेका कुल सदस्य सख्याले नेपालको पछिल्लो जनसख्यालाई भाग गर्दा आउने भागफल सङ्घीय संसद्तर्फको मतभार हुने व्यवस्था रहेको छ। त्यस्तैगरी प्रदेशसभातर्फका कुल सदस्य सङ्ख्याले नेपालको पछिल्लो जनसख्यालाई भाग गर्दा आउने भागफल प्रदेशसभातर्फको मतभार हुनेछ। संविधान तथा राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनसम्बन्धी कानुनअनुसार मतभार निकाल्न नेपालको ताजा जनगणनाको नतिजा आवश्यक पर्छ। केन्द्रीय तथ्यांक विभागले २०७८ सालमा पछिल्लो जनगणना संचालन गरेको भएतापनि जनसंख्याको अन्तिम परिणाम अझै सार्वजनिक गरिनसकेकाले यस्तो मतभार निकाल्न निर्वाचन आयोगले २०६८ सालको जनगणनाको परिणामलाई आधार मान्ने भएको छ । २०६८ सालको जनगणना अनुसार नेपालको जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको छ।

आयोगले अपनाएको गणना सूत्रअनुसार सुरुमा संघीय संसद्का दुवै सदनहरू प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यको कुल सख्यालाई जोडेर संघीय संसद् तर्फको कुल सख्या निकालिन्छ। संघीय संसद्का सदस्यको मतभार निकाल्न प्रतिनिधिसभामा रहेका २७५ सदस्य र राष्ट्रियसभामा रहेका कुल ५९ सदस्य गरी जम्मा ३३४ सदस्य सख्याले पछिल्लो जनगणनाअनुसार प्राप्त नेपालको कुल जनसख्यालाई भाग गरिन्छ। त्यसरी आएको भागफललाई फेरि १,००० ले भाग गर्दा आउने भागफल नै संघीय संसद्तर्फका एक सदस्यले मत हाल्दा प्राप्त हुने मतभार हुन जान्छ। विसं २०६८ सालको जनगणना अनुसार गरिएको त्यस्तो गणनाका आधारमा अहिले संघीय संसद्का सदस्यको मतभार ७९ रहेको छ। त्यस्तैगरी सातवटा प्रदेशसभामा गरी कुल ५५० जना सदस्य संख्याले २०६८ सालमा गरिएको जनगणनाअनुसार प्राप्त नेपालको कुल जनसख्यालाई भाग गर्दा आउने भागफलाई पुनः १००० ले भाग गर्दा प्रत्येक प्रदेश सभा सदस्यको मतभार ४८ हुनजान्छ। यसअनुसार, संघीय संसद्का कुल ३ सय ३४ सदस्यको कुल मतभार ७९ प्रति सदस्य दरले २६ हजार ३ सय ८६ हुन आउँछ।

प्रदेशसभाका कुल ५ सय ५० सदस्यको कुल मतभार प्रति सदस्य ४८ का दरले २६ हजार ४ सय हुन आउँछ। यसरी राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा कुल मत ५२ हजार ७ सय ८६ हुन आउँछ। त्यसैले जितका लागि उम्मेदवारले २६ हजार ३ सय ९४ मत ल्याउनुपर्छ। उपराष्ट्रपति निर्वाचनको लागि पनि राष्ट्रपति निर्वाचनका लागि अपनाइएको विधि नै प्रयोग गरिन्छ।

**कुन दलको कति मत ?**

राष्ट्रपतिको निर्वाचनमा मत हाल्नका लागि संघीय संसद् र प्रदेश संसद गरी १४ दलको प्रतिनिधित्व छ। त्यस्तै, थप स्वतन्त्र सांसद र राष्ट्रिय सभामा राष्ट्रपतिबाट मनोनित गरिएका सांसद पनि छन्।

संघीय संसदमा ९९ र सात प्रदेश सभामा १७६ सांसद रहेको नेपाली कांग्रेससँग सबैभन्दा बढी मत छ। एकजना निलम्बित सांसदको समेत मतभार जोड्दा कांग्रेससँग मात्रै १६ हजार २६९ मत छ।

त्यस्तै, एमालेसँग १५ हजार १५४, माओवादी केन्द्रसँग ७ हजार ६४९, राष्ट्रिय स्वतन्त्र पार्टीसँग १ हजार ५८०, राप्रपासँग २ हजार ४५०, जसपासँग २ हजार १४५ मत छ।

त्यस्तै, एकीकृत समाजवादीसँग २ हजार ५७४, जनमत पार्टीसँग १ हजार २४२, लोसपासँग ९७१, नागरिक उन्मुक्ति पार्टीसँग ८१३, नेमकिपासँग २२३, राष्ट्रिय जनमोर्चासँग २०६, नेपाल संघीय समाजवादी पार्टीसँग ४८ र हाम्रो नेपाली पार्टीसँग ९६ मत रहेको छ।

प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभामा स्वतन्त्र उम्मेदवारको रुपमा विजयी सांसदहरूको संख्या १८ छ। उनीहरूसँग कुल १०५० मत छ। स्वतन्त्रमध्ये केही सांसदहरू दल निकट मानिन्छन्, गण्डकी प्रदेश सभामा स्वतन्त्र सांसदको रुपमा विजयी भएका राजीव गुरुङ (दीपक मनाङे) एकीकृत समाजवादी प्रवेश गरेका छन्।

त्यस्तैगरी राष्ट्रिय सभामा राष्ट्रपतिबाट मनोनित तीन सांसद् छन् । उनीहरूको मत २३७ छ। तीनमध्ये एक विमला राई पौड्याल एमाले निकट र नारायण दाहाल माओवादी केन्द्र निकट हुन्। अर्का सांसद वामदेव गौतमले एमाले परित्याग गरेर हाल निष्क्रिय जस्तै रहेतापनि उनी नेकपा एकीकृत समाजवादी निकट मानिन्छन्। उनीहरूले आफू निकट दलको उम्मेदवारलाई मत हालेको खण्डमा दलीय आधारमा गरिएको मतभारको गणना तलमाथि पर्न सक्छ।

**कुनै पनि उम्मेदवारले ५० प्रतिशत मत नपाए के हुन्छ?**

राष्ट्रपति र उपराष्ट्रपतिका लागि हुने निर्वाचनमा उम्मेदवारले प्राप्त गरेको मत निर्वाचक मण्डल (संघीय संसद र प्रदेशसभाका सदस्य) को तत्काल कायम रहेको कूल मतको बहुमत नभएमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारबीच मतदान हुने गरी पुनः निर्वाचन हुनेछ। दुई जना बीच निर्वाचन हुँदा पनि कसैले ५० प्रतिशत मत नकटाएमा पुनः मतदान हुनेछ। त्यसपछि हुने निर्वाचनमा भने सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार नै विजयी हुनेछ। अर्थात्, ५० प्रतिशत मत कटाउनुपर्ने व्यवस्था छैन। श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# खवरदारी गर्न प्रमुख सिंहको आग्रह

मधेशदृष्टि, वीरगञ्ज,१३ फागुन।
वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले आफ्नो ठाउँबाट खबरदारी गरिरहन सबैलाई आग्रह गरेका छन् । वीरगञ्जको लिंक रोडमा रहेको काभेरी एकेडेमीको ८ औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रमको उद्धाटन गर्दै उनले यस्तो बताएका हुन।

सहीलाई सही र गलतलाई गलत भयो भनेर आवाज उठाउँदै खबरदारी गर्न उनले आग्रह गरेका हुन। वीरगञ्जलाई सफा र स्वच्छ बनाउन अहिले अभियान नै अघि बढाइएको भन्दै उनले त्यसका लागि जथाभावी फोहोर फाल्ने प्रवृत्तिलाई सुधारेर नगर सफा गर्ने अभियानमा साथ दिन आग्रह गरे । विद्यालयका सञ्चालक विशाल साहुको सभापतित्वमा सम्पन्न उद्धाटन कार्यक्रममा विद्यार्थीहरुले विभिन्न सांस्कृतिक नृत्यहरु प्रस्तुत गरेका थिए । कार्यक्रममा प्याब्सनका राहुल श्रीवास्तव, संचारकर्मी युवराज खड्का, विद्यालयका ओजस तुल्स्यान, दिलिप कार्की लगायतको सहभागिता रहेको थियो।

# लागुऔषध र पेस्तोल सहित पाँच पक्राउ

मधेशदृष्टि
वीरगञ्ज,१३ फागुन।
मकवानपुरबाट शनिवार १ हजार ५ सय किलो गाँजा, १३ किलो चरेश, २ थान पेस्तोल र गोलीसहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ।

मकवानपुरको कैलाश गाउँपालिका-६ दुम्सिखर्कका जितबहादुर मोक्तानको घरगोठ खानतलासी गर्दा गाँजा १ हजार ५ सय १५ किलो, चरेश १३ किलो, भरुवा बन्दुक र कटुवा पेस्तोल १-१ थानसहित ६ राउण्ड गोली बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । ७६ वर्षीय जितबहादुर मोक्तान सहित पाँच जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा जितबहादुरसहित २८ वर्षीय विजय मोक्तान, ४० वर्षीय रत्न घले, २२ वर्षीय अशोक घले र २२ वर्षीय शेखर घले रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

पक्राउ परेका पाँचै जनामाथि थप अनुसन्धान भैरहेको पनि प्रहरीले जनाएको छ।

# बनकटवामा रक्तदान

मधेशदृष्टि
वीरगञ्ज,१३ फागुन।
युवा उत्थान क्लब बनकटवा पोखरीयाद्धारा शनिवार आयोजित कार्यक्रममा ३७ जनाले रक्तदान गरेका छन् । पोखरिया नगरपालिका, नेपाल रेडक्रास सोसाईटी पोखरिया उपसाखा, इलाका प्रहरी कार्यालय पोखरीको सहयोगमा रक्तदान कार्यक्रम सम्पन्न भएको हो।

रक्तदान कार्यक्रममा पोखरिया नगरपालिका को उप प्रमुख रूबी कुमारी ठाकुर, युवा उत्थान क्लब बनकटवाका अध्यक्ष हृदयनारायण कुर्मी,पोखरिया नगरपालिकाका पूर्व नगर प्रमुख दीपनारायण प्रसाद रौनियर, रेडक्रस सोसाइटी उपशाखा पोखरियाको सभापति भगवान प्रसाद कुर्मीलगायतको सहभागिता रहेको थियो।

सम्पादकीय

# धमिलो राजनीतिमा राष्ट्रपति पदको उम्मेदवारी

राजनीतिमा तेश्रो राष्ट्रपति पदका लागि भएको उम्मेदवारीको चर्चा छ । फागुन १३ को समयसीमामा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल तथा एमाले पार्टीका उपाध्यक्ष सुभासचन्द्र नेम्वाङले उम्मेदवारी दिएका छन् । फागुन २५ गते हुने राष्ट्रपति पदको निर्वाचनलाई लिएर सत्ता समिकरणमा पनि ठूलो परिवर्तन हुने संकेत देखिएका छन् । पुस १० मा एमालेको समर्थनमा प्रधानमन्त्री बनेका माओवादी अध्यक्ष पुष्पकमल दाहालको सत्ता समिकरण राष्ट्रपति चुनावलाई भत्किएर नयाँ त्यो पनि दोश्रो आमनिर्वाचनको क्रममा बनेको गठबन्धन बन्ने हो ? वा होइन । राष्ट्रपति निर्वाचनको तातोमा सबै कुरा सङ्लिएका छैनन् । राजनीतिको सतहमा आएका विषय, दलहरुका जिम्मेवारहरुबाट आएका वक्तव्य र धारणाबाट नेपाली कांग्रेस, माओवादी, नेकपा (समाजवादी), जनता समाजवादी, लोकतान्त्रिक समाजवादी, जनमत पार्टी र नागरिक उन्मुक्ति पाटी एकातिर कित्ताकाट भएका छन् । एमाले, केही दिन अघि सत्ताबाट बाहिरिएको राष्ट्रिय स्वतन्त्र पार्टी र फागुन १३ गतेनै सत्ता छोडेको राप्रपा एकातिर भएका छन् । सतहमा देखिएका यि राजनीतिक घटनाहरुले नयाँ समिकरणको संकेत गरेको भएपनि सत्ता राजनीतिका प्रमुख पात्र एमाले र माओवादीको रणनीति स्पष्ट भएको देखिदैंन । माओवादी केन्द्रको बैंठकले राष्ट्रपति पदको चुनावमा कांग्रेसका उम्मेदवारलाई सघाउने निर्णय मात्र गरेको छ । उता, एमालेले माओवादीको निर्णयमा तितो पोख्ने, प्रधानमन्त्रीलाई धम्क्याउने राजनीतिक गरिरहेको भएपनि सत्ता छोडिसकेको छैन । पुष्पकमल दाहाललाई पुष १० दिएको समर्थन फिर्ता लिएको छैन । यस अर्थमा आगामि दुईसातासम्म अर्थात फागुन २५ सम्म अहिलेकै अवस्थाबाट राजनीति अगाडि बढ्ने संभावना छ । प्रकारान्तमा अहिलेको सत्तामा सहभागि रास्वपा र राप्रपा सत्ता रिङ्गबाट बाहिरिएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रको प्रखर विरोधी राप्रपा जो राजसंस्था स्थापनाको उदेश्य राख्दछ त्यो प्रतिपक्षी बेन्चमा पुगेको छ । यस्तै, प्रमुख राजनीतिक पार्टीका काम,क्रियाकलाबाट आजित मतदाताको मतबाट निर्वाचित्र रास्वपा जसको राजनीतिक संरचना बनिसकेको छैन, स्पष्ट राजनीतिक दर्शन छैन । प्रतिक्रियात्मक मतबाट २० सिट आर्जन गरको रास्वपा पनि पुष्पकमललाई प्रधानमन्त्री बनाउने प्रयोजन पछि प्रतिपक्षी बन्न वाध्य भएको छ ।

राष्ट्रपति निर्वाचनका लागि आआफ्नो पक्षमा मत तान्ने प्रयासहरु सुरु भएका छन् । कांग्रेसका उम्मेदवार पौडेलले ओलीले आफूलाई सर्वसम्मत राष्ट्रपति बन्न सहयोग गर्ने विश्वास गरेका छन् । उता एमालेले आफैबाट छुट्टिएर बनेको नेकपा(समाजवादी)लाईनेम्वाङले उम्मेदवारी दिए लगत्तै औपचारिक पत्र पठाएर मत हाल्न आग्रह गरेको छ । अहिलेसम्म नेकपा( एकिकृत)लाई औपचारिक रुपमा राजनीतिक पार्टीको हैसियत नदिएको एमालेको पत्राचारले अर्थ राख्दछ ।

राष्ट्रपति पदको प्रतिस्पर्धामा अहिले सतहमा देखिएको राजनीति कसरी र कुन बाटोबाट अगाडि बढ्ने हो त्यो एकिन भैसकेको छैन । बाहिर सतहमा आम निर्वाचन अघिको गठबन्धनसम्म पुगेको प्रतिक्रियाहरु आएपनि त्यस अनुरुप राजनीति स्पष्ट हुन सकेको देखिदैंन । सबै भन्दा पेचिलो पक्ष के हो भने राष्ट्रपति पदका निम्ति यति धेरै आकर्षण किन भैरहेको छ ? सत्ता राजनीतिमा सदावहार छाई रहेका कांग्रेसका पौडेल र एमालेका नेम्वाङ दुबै राष्ट्रपति जस्तो संवैधानिक दायरामा बस्नुपर्ने पदका लागि उपयुक्त पात्र नहुनसक्छन् सायद । विगतमा राष्ट्रपतिहरुबाट संविधानको मर्म र भावनामा प्रहार भएकोले नै यो पदको महत्व यतिधेरै बढेको घटनाक्रमले औल्याउँछन् । पहिलो राष्ट्रति डा. रामवरण यादव जसले संविधान २०७२ समेत जारी गरेका हुन् उनीमाथि पनि संविधान मिचेको आरोप दाग छ । पहिलो संविधासभा निर्वाचन पछि बनेको सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल जो हाल पनि प्रधानन्त्री छन उनले त्यसबेला सेनापति परिवर्तन गर्ने निर्णयमा यादवले संविधानको पालना गरेनन्, संविधानमाथी हस्तक्षेप गर्दै मन्त्रीपरिषदको निर्णय स्वीकारेनन् । त्यसबेला पुष्पकमल दाहाल प्रधानमन्त्री पदबाट राजीनामा गर्न वाध्य भएका थिए ।

वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीमाथि भने संविधान मिचेकोमात्र होइन कार्यकारीको जस्तो भूमिका निर्वाह गरेको आरोप लाग्दै आएको छ । एमाले अध्यक्ष ओलीको प्रेसक्रिप्सनमा चल्ने राष्ट्रपतिले संविधानका प्रावधान बाहिर गएर ओलीका हरेक अधिनायकवादी कदममा लालमोहर लगाएकी छन् भने संसदको अधिकार क्षेत्रमा पनि हस्तक्षेप गरेकी छन् । संसदले दोहोऱ्याएर लालमोहरका लागि शीतल निवास पठाएको नागरिकता सम्बन्धी विधेयकमाथी राष्ट्रपतिबाट प्रयोग भएको 'अधिकार' सर्वत्र आलोच्य छ । ओली विद्याको मिलोमताबाट राष्ट्रपति पदको संवैधानिक दायरा र भूमिकामाथी भएको प्रहारकै कारण राष्ट्रपति पदको आकर्षण बढेको मान्न सकिन्छ र यसको महत्वबारे गंभिरतापूर्वक सोच्ने बेला आएको हो ।

ओलीको विगत प्रधानमन्त्रीत्वकाल र अहिलेको आलोपालो प्रधानमन्त्री बन्ने सहमतिका पछाडि अडाई वर्षपछि ओलीलेनै सिंहदरबारको कमान सम्हाल्ने र शीतल निवासमा पनि उनकै सिफारिसको मानिस राष्ट्रपनि हुने खतरनाक परिस्थितिकै कारण राष्ट्रपति पदमा यति धेरै राजनीतिकरण भएको हो । शंका, उपशंका, घातपरिघातका आसन्न संकटका आँकलन गर्दै खासमा राष्ट्रपति पद गैर एमाले हनुर्दछ भन्ने राजनीतिले अहिले आकार लिएको देखिन्छ । राष्ट्रपति पदका लागि भएको यो राजनीतिले सत्ता समिकरणमा पनि तात्विक परिवर्तन ल्याउँछ वा ल्याउँदैन? धमिलो राजनीतिक मौसममा यसै भन्न सकिने अवस्था छैन।

कबीरा खड़ा बाजार

# वीरगंजको कथा

*शहरको आफ्नो इतिहास र भूगोल मात्र छैन । यसको आफ्नै संस्मरण र यात्रा छ । शहर आफ्नो स्थानियता र पहिचान बचाई राख्न आफैसँग जुझ्दै गरेको छ । शहरमा हुदै गरेको बाहिरी बदलाव त झल्किन्छ,तर आन्तरिक बदलाव त्यसैगरि कहाँ छचल्किन्छ, त्यसलाई अनुभव पो गर्ने हो । समय बदलिदै गएको छ । हो त्यसैले यो पुरानो शहरमा अबका लव स्टोरी फेरिदै गए । शहरको परिवर्तित हुदै गरेको तस्वीरले मान्छेको नियति मात्र फेरिएको छैन, प्यारको तरीका पनि*



**– चन्द्रकिशोर**

ई वीरगंज ह । क्रान्तिको नगरी । आर्थिक राजधानी । राष्ट्रीय अर्थतन्त्रको ब्यारोमिटर । विगतमा नेपालको प्रवेशद्वार शहरको पगड़ी पायो, जसले आज पनि शहरको मुहार चम्किलो । भोजपुरीको हृर्यदय प्रदेश । एउटा सिङ्गो समासिक शहर । काठमाण्डू बाहिर कैयौ उपलब्धिमा नाम आर्जेको । इतिहासका कैयौं धड्कनहरु यहाँ सुरक्षित ।

एउटा गुलजार सीमावर्ती शहर जो नेपाल हुनुको गौरव दिएको छ ।वीरगंजको बारेमा भनिन्छ, यो सुत्दैन रे । महानगरको यो अद्भुत माया हो कि प्रत्येक मान्छे आफ्नो दुनियामा ब्यस्त रहन्छ । दिन - रातको भागदौड़का वावजूद यहाँ प्रत्येकको अँखामा सपना टल्किरहेको हुन्छ । यहां उम्मिद र सपनाको दुनिया छरप्रष्टिएको हुन्छ । वीरगंजको विशेषता यो हो कि जति नजरले यसलाई नियाल्छ त्यतिकै छवि उनको मानसमा तर्न थाल्छ ।

वीरगंजको नाम आउने वितिकै हाम्रो आँखाको सामुन्ने एउटा सपना जुर्मुराउँछ , जहाँ जो कोही पनि आफ्नो जीवनलाई अझ राम्रो बनाउने आश लिएर आउँछ र तबसम्म लागिपर्छन जबसम्म उसले त्यसलाई पाईहाल्दैन । साँचों त के हो भने वीरगंजले कहिल्यै पनि कसैलाई निराश पारेको छैन । जो जेकालागि लायक हुन्छन उसले त्यो ,पाउँछन, कहिलेकाही ढिलो हुनसक्छन तर पाउँछन सबैले । सस्तोमा गुजारा हुने ठाँऊ हो । अरू छोड्नुस ह्विलचेयर त गुडाउदै सीमा वारि-पारिको कारोवार गरेर गुजारा चलाउँछ । अन्यत्रबाट यहाँ यसैगरि गुजारा गर्ने उल्लेख्य बताईन्छ ।

वीरगंज केवल एउटा शहर होईन, हजारौ वर्ष देखिको संस्कृतिको नाम हो। नयाँ जमानाले पुराना सम्झनाहरू, पुराना तौर-तरीकाहरूलाई भलै विर्सिसकेको होस, तर केही चिज जो विरासतले छाडेको हुन्छ, त्यो कुनै कुनामा, कुनै सन्दूकमा जोगिएको हुन्छ । भिसवा डाँडाँ गहवा मंदिर, अलखिया मठ, पिपरा मठ लगायतका पुरातात्विक एवं ऐतिहासिक सम्पदाहरू यस क्षेत्रमा वसोवासको प्राचीनतालाई स्थापित गर्दछन् । हो कतिपय इतिहासकारहरूले राणा प्रधानमंत्री वीरशमशेरको कालमा सम्वत १९५३ साल पूर्व नै वीरगंज नाम पाईसकेको जनाएका छन । तर यो नाम पाउनुभन्दा पहिला पनि यस क्षेत्रमा पुराना बस्तिहरू थिए जो अहिले महानगरपालिकाको भूगोलभित्र छ । अलौ गाँउ नै साविकको प्रशासनिक केन्द्र थियो। गहवाँ गांउ नै राणा प्रधानमंत्री एवं अन्य रोलवाला राणाहरूको यसतर्फ भ्रमण हुदा मुकाम रहेको पाईनुलेू; गहवा, त्यसबेला यस तराईक्षेत्रमा अरूभन्दा निकै विकसित वस्ति बनिसकेको बताईन्छ । वीरगंज भनेको यस ऐतिहासिक क्षेत्रको आधुनिक पहिचान हो ।

शहरको आफ्नो इतिहास र भूगोल मात्र छैन । यसको आफ्नै संस्मरण र यात्रा छ । शहर आफ्नो स्थानियता र पहिचान बचाई राख्न आफैसँग जुझ्दै गरेको छ । शहरमा हुदै गरेको बाहिरी बदलाव त झल्किन्छ,तर आन्तरिक बदलाव त्यसैगरि कहाँ छचल्किन्छ, त्यसलाई अनुभव पो गर्ने हो । समय बदलिदै गएको छ। हो त्यसैले यो पुरानो शहरमा अबका लव स्टोरी फेरिदै गए । शहरको परिवर्तित हुदै गरेको तस्वीरले मान्छेको नियति मात्र फेरिएको छैन, प्यारको तरीका पनि ।

पुरानो वीरगंजसँग कुनै ऐतिहासिक धरोहर वा उपयोगी सामानको नाम जातिवाचक संज्ञाको जस्तै अनिवार्य रुपमा जोडिएको हुन्थ्यो, तर आजको तरूण हुदै गरेको वीरगंजले आफ्नालागि नयाँ किसिमको विशेषण निर्माण गर्दै गएको छ । यो बजारहरूको शहर हो, जहाँ पुराना बजारहरू मीनाबजार, विर्ता, छपकैया, मुर्ली जस्ता हाटहरूको निरन्तरतासंगै नयाँनयाँ चल्तिका बजारहरूले शहरको आधुनिकतालाई जिवन्त बनाएको छ । सम्मेलनको शहर, परिणय- संगम ( वैवाहिक कार्यक्रम आयोजन), प्रतियोगिताको नगर ( खुला र बन्द खेलका पूर्वाधार )। कुनै बखत यो प्रमुख औद्योगिक- ब्यापारिक शहरले जुलुसको शहर ले समेत चिनियो । सुख्खा बंदरगाह पहिला यहीँ बन्यो । यही प्रमुख दक्षिणी नाकाको भंसार सेवामा एकिकृत प्रबन्धलाई मूर्तरुप दिईयो ।

### समयको पाङ्ग्रो

सब दुःख आब भागत, कटि गईल धान हो बाबा
आब बेचेम धान , राखेम मान
छुटि जाई बंधक मे राखल गहना हो रामा !

कुनै जमाना थियो वरिपरिका गाँउहरुबाट यस्तै भाकाका गीतहरू गाउँदै बयलगाडाहरूमा लाम लगाएर वीरगंजतिर धान लैजान्थे। शहरका बाहिरी भागमा रहेका संकलन केन्द्रहरूमा धानका पहाड़ नै लागेका हुन्थे । इतिहासलाई संयोगहरूको गाथा पनि भनिन्छ । राणाकालमा सीमाक्षेत्रमा बजारहरू स्थापना गर्नुको आफ्नै आर्थिक-राजनीतिक कारणहरू थिए तर यसको फाईदा वीरगंजले प्रशस्त पायो । प्रशासनिक अड्डाखाना यतै हुनपुग्नुले यसको रवाफ थपियो । त्यो भन्दा पनि काठमाण्डूसँगको छोटों दूरी र सीमावर्ती भारतीय क्षेत्रमा रेलवे संञ्जाल थपिदै जादां वीरगंजले बहुआयामिकता भेटायो ।

समयक्रममा वीरगंजले एउटा क्षेत्रकैरूपमा चिनारी पाउँदै गयो । उत्तरमा पूर्व- पश्चिम राजमार्ग जोड्ने बिन्दु पथलैयासम्म औधोगिक कोरिडोरले आकार लियो । यस पृष्ठभूमिमा शहरको उर्लिदो संभावनाहरूलाई नियमित गर्न करिव दूई दशक पूर्व बृहत्तर वीरगंजको परिकल्पना आयो , केही प्रयासहरू भए तर राजनीतिक संक्रमणले त्यो त्यसै तुहियो । अहिले त महानगरपालिकाले त्यो भन्दा कम क्षेत्रफल भएको साँध पाएको छ ।

एउटा पुस्ता अहिले पनि छन् जो चिनी मिलको साईरनसँगको साईनो सम्झिरहेका छन् । बहुअरीका रामनारायण कुर्मी बताउँछन । तत्कालीन सोभियत सरकारको सहयोगमा वि.सं.२०२१मा स्थापना भई ०५९ मा बन्द हुन पुगेको चिनी कारखानाले गर्दा केही समयकालागि यस क्षेत्रको गति नै रोकिन पुगेको कतिपयले ठाने ।

अहिले विकास र निवेशको संभावनालाई हेरेर नै रियल स्टेटका दिग्गजहरू यता आकर्षित भएका छन् । भंसारसँग गाँसिएका कारोबारहरू यहाँ अहिले पनि वजन कायम राखेका छन । तर अहिले महानगर भन्ने वितिकै जुन शानदार मल, मल्टीप्लेक्स, ब्राण्ड शप वा कहलिएका फूड चेन सम्झिने गरिन्छ त्यो आई पुगेको छैन । आधुनिक र फराकिलो बन्ने चरणको प्रसव वेदना छ यहाँ । आर्थिक क्रियाशीलताको परम्परागत धुलौटे बाटोलाई त्यागेर नयाँ राजमार्ग निर्माण गर्न तम्सिएको छ ।

पहिला वीरगंज भन्नाले माईस्थान देखि विर्तासम्मको क्षेत्र भन्ने बुझिन्थ्यो । शहरको बढदो आयामिक विकासको गतिलाई टेवा दिन नगर विकास समिति ले २०५२ मा बृहत्तर वीरगंजको अवधारणा ल्यायो। त्यस अघि नगर विकास समितिले अधिग्रहण गरी मुआब्जा समेत दिएर नगरविकासका लागि२०३२ मा तत्कालिन नारायणी अंचलाधीश नन्दबहादुर मल्लले छुट्याएको जमिनमाथिको खेलबाड न पंचायतमा रोकियो न प्रजातन्त्र आएपछि नै । ०५६ मा वीरगंज क्षेत्रबाटै सांसद भई प्रधानमंत्री हुनु भएका कृष्णप्रसाद भट्टराईले नमूना शहर को अवधारणा ल्याउनु भएको थियो । एकपटक त साईवर सिटी को सपना बेचियो । वीरगंज शहरको आवश्यकता र बढदो जनसंख्या को चापलाई दृष्टिगत गर्दै नगरको घनावस्ती क्षेत्रमा रहेको कारागार र ब्यारेकलाई विस्तारै शहर बाहिर लग्ने दृष्टिकोण विकासको आवश्यकता छ । रेलवेको जग्गामा प्रस्तावित उद्यान राजनीतिको चेपुवामा छ । शहरमा महगाँ गाडीहरू गुड्दै छन । तर यहाँ आईपुग्दा टाङ्गा सवारीको मजा खोज्ने र आदर्शनगरको सडक- खाजा खाने रहरगर्नेहरू प्रशस्त छन ।

### रेलको नोस्टाल्जिया

इतिहासको कुनै मोडमा रेलसेवाले कसरी यहाँको दैनिकी प्रभावित गरेको थियो ? त्यो यहीका साहित्यकार ध.च.गोतामेले घामका पाईलाहरू उपन्यासमा गर्नु भएको वर्णनबाट अनुमान गर्न सकिन्छ । रेलवे स्टेशन यस शहरको प्राण हो जहाँ विभिन्न दिशामा रेलहरु दौड्छन । संसारका अरू भूभागसित सम्बन्ध स्थापित गर्ने एकमात्र साधन पनि यही हो । जब-जब रेल आउँछ यस शहरको तन्द्रा भंग हुन्छ । .. केहीबेर कोलाहलमा डुबेको स्टेशन रेल जाना साथ आत्मा नभएको शरीर जस्तै शून्य,शान्त र निश्चेष्ट हुन्छ ।

२४ अक्टुबर १९५० मा वंशगत प्रधानमन्त्रीको पाहुना भएर टोनी हागन पहिलो पटक नेपाल आउँदै थिए। संयुक्त राष्ट्र संघबाट नेपालमा काम गर्न खटिएका स्वीट्जरल्याण्डका यी भूगर्भविदले आफ्नो पुस्तक नेपाल : द किङ्डम इन द हिमालय मा लेखेका छन्ः; रेलको त्यो डिब्बा महोगनी काठले बनेको थियो र त्यसमा गाढ़ा मखमली रातों पर्दा लागेको थियो। उनलाई रेलको सफर अमलेखगंजसम्म पूरा गर्न दुई घण्टा भन्दा बढ़ी लागेको थियो।

वि.सं. १९८४ मा रक्सौलदेखि वीरगंज हुदैं अमलेखगंजसम्म पुग्ने रेलवे लाईनको जडान भयो। राणा प्रधानमंत्री चन्द्र शमशेरकै पालामा यो नेपाल गभर्नमेण्ट रेलवे नाम राखि सेवा शुरू गर्यो। यो नेपाल को पहिलो रेलसेवा थियो । उद्घाटनका बेला तत्कालिन राजा त्रिभूवनसँगै चन्द्र शमशेर पनि वीरगंजसम्म रेल चढेर आएका थिए ।

रेलवेको स्थापना र संचालनले वीरगंज र यसका वरिपरिका क्षेत्रहरुहरूको आर्थिक जीवनमा पनि परिवर्तन देखा पर्न थाले । रेलसेवाको प्रारम्भले यस क्षेत्रमा कोईला,फलामका साथै पूँजी र श्रमको माग पनि बढन थाल्यो ।

तत्कालीन समयमा सड़क यातायातको राम्रो विकास नभईसकेको अवस्थामा रेलसेवा को स्थापनाले वीरगंजको मात्र नभएर मुलुककै आर्थिक विकासमा गति प्रदान गर्यो । यो सेवा सम्वत २०२१ मा रक्सौलदेखि वीरगंजसम्म मात्र चल्न थाल्यो त्यो पनि मालगाड़ी मात्रै । ०४१ सालमा त त्यो पनि बन्द भयो । इतिहासले फेरि कोल्टे फेर्दै थियो,२०६१ साउन १ देखि वीरगंज ( श्रीसिया ) सुख्खा बंदरगाह संचालनले नेपालको अर्थतंत्रलाई भारतको ृ;ब्रोडगेजू; अर्थतन्त्रमा लगेर जोड्यो । वीरगंजमा त्यसैताका नेपालका लागि भारतको महावाणिज्य दूतावास खोलिनु र रेलवे जोडिएको सुख्खा बंदरगाह संचालन हुनुबाट वीरगंजको कुटनीतिक र आर्थिक महत्व फेरि उक्लियो।

### पहिलो मुक्त क्षेत्र

नयपाल स्वतन्त्र गराउनको
रणभेरी सुनेर जुरूक्क उठ्यो
परतन्त्र हरे ! निज देश बुझ्यो
अनि भाव र आग्रह पूर्ण भयो
गणतन्त्र गराउन गर्जि उठ्यो
छरितो र छिटो नयपालि ठिटो
थिर बम मल्ल रती नडरी
घरबार तजी तरवार भिरी
रणरङ्ग गरी वीरगंज पस्यो
खलवल्ल भयो दरवार भरी
बिनु रक्त परासि पसेर बस्यो
छरितो र छिटो नयपालि ठिटो ।

वीरगंजको कीर्तिगानमा यी पक्तिहरू भारतको दार्जिलिङ्गमा बसेर धरणीधर कोईराला कोर्दै थिए । उता पटनामा हिंदी साहित्यकार फणीश्वर नाथ रेणुले नेपाली क्रान्ति कथा रच्दै लेखे,सबै भाषाका दैनिक समाचार पत्रहरुमा मख्यपृष्ठमा मोटा अक्षरमा वीरगंज विजयको समाचार छापिएको छ ........ वीरगंजमाथि मुक्ति सेनाको विजय.... वीरगंज लिवरेटेड, वीरगंज क्याप्चर्ड.... वीरगंज... वीरगंज.......।

भयो के भने वि.सं.२००७ सालमा राणाशाही विरूद्धको सशस्त्र यहींबाट शुरू भयो र कात्तिक २६ गते भाईटिकाको दिन वीरगंजमा कांग्रेस मुक्तिसेनाले सफलता पायो जसको अनुगुञ्ज टाढाटाढासम्म सुनिएको थियो ।यसैमा एक नेतृत्वकर्ता थीरवम मल्ल मारिए । तर पनि नेपालको इतिहासमा पहिलो जनसरकार तेजबहादुर अमात्यको नेतृत्वमा गठन भयो ।

वीरगंजमा राजनीतिक चेतनाको विकासमा तत्कालिन समयमा सीमावर्ती भारतीय क्षेत्रमा स्वंत्रन्त्रता आन्दोलन चलिरहेको थियो ।यस क्षेत्रका विधार्थीहरु पारिपट्टीका शहरहरुमा पढ्दै गर्दा प्रेरणा लिने र स्वयं त्यहाँका आन्दोलनमा सहभागी हुदै आएका थिए । यहां वि. सं. १९९५ तिर हिमालय सार्वजनिक पुस्तकालय खुल्यो । कोही युवा प्रजा परिषदमा संलग्न भए । यस पृष्ठभूमिले कांग्रेसलाई उर्वर भूमि प्राप्त हुन गयो ।लोकतन्त्रका लागि हुने गरेको प्रत्येक संघर्षमा वीरगंजले रणनीतिक भूमिका खेल्दै आयो । दोश्रो जन आंदोलन उत्कर्षमा पुग्न लाग्दा सड़क राष्ट्रपति घोषणा गर्यो । अनि पो भनिन्छ - ई वीरगंज ह !

### इतिहासको विस्मृतिमा

राजनीतिकर्मी तथा लेखक जयप्रकाश गुप्ताले नेपाल के राजनीतिक आन्दोलन में मधेशी समुदाय का योगदान मा उल्लेख गरे अनुसार वि सं २००३ सालतिर वीरगंजमा सचेन्द्रनारायण चौधरी र हंसराज ठाकुरको सक्रियता ।

क्रान्ति किल्लाको नामले ख्यातिप्राप्त वीरगंज नेपालको इतिहासमा सबैभन्दा लामो समयदेखि संघर्षशील र क्रियाशील नगर हो । बास्तवमा कुनैपनि नगरलाई राम्रोसँग बुझ्न र त्यसलाई अगाडि बढाउन त्यसको इतिहासलाई गहिराइमा गएर बुझ्नै पर्छ । अनिमात्र त्यस नगरका बारेमा स्पष्ट विश्लेषण र मूल्याकंन गर्न सकिन्छ । निश्चय नै इतिहास लाई सिरानी हालेर मात्र कुनै नगर बांच्न सक्दैन तर इतिहासको जानकारी बिना भविष्यको खाका कोर्न मात्रै होईन, बर्तमानलाई ब्यवस्थित रुपले संचालन पनि गर्न सकिदैन । हुनत कतिपयले वीरगंज शहरलाई यतिखेर इतिहास बोकेर बाँचेको र इतिहास मैं रमाएको शहर पनि भन्ने गर्छन ।

वीरगंजका लोकताान्त्रिक योध्दाहरूमध्ये थीरबम मल्ल र तेज बहादुर अमात्यको बारेमा अलि बढी लेखिएको पढ्न पाईन्छ । बीरगंज महानगरपालिका चोकमा पशुपति घोषको प्रतिमा स्थापना गरिएको छ तर तिनका समग्र योगदानका बारेमा थोरैलाई मात्र थाहा छ । प्रजातान्त्रिक, वाम तथा मधेशी अधिकारको धार गरी वीरगंजमा तीन प्रकारका आन्दोलनको निरन्तरता भेटिन्छ । समय समय भाषिक अधिकारको आन्दोलनले वीरगंजेली संघर्षमा इन्द्रेणी थपेको छ ।वीरगंज क्षेत्रबाट निर्वासनमा बस्ने को को थिए ? को को जेल परे? निश्चित पनि कुनै घटना हुनुपछाडि कुनै नेतृत्वको भूमिका हुन्छ र ती नेतृत्व को पृष्ठभूमिमा प्रतिबध्द कार्यकर्ताहरूको जमात हुन्छन । आज आवश्यकता तिनको खोजी गर्नु, अभिलेखिकरण गर्नु र इतिहास लेखनको मार्गलाई सहज बनाउनु हो । वीरगंजमा एकपटक उर्लिएको आवेगको आँधीमा थिरबम मल्लको प्रतिमा भञ्जन हुनपुग्यो , तर खै कसैले स्थापित गरि कृतज्ञभाव देखाउन सकेका छैनन् । बरू ०४६ का सर्वोच्च कमांडर गणेशमान सिहको प्रतिमा भर्खरै पुनस्थापित भएको छ । एकताका प्रतिमाहरूको शहर भनेर चिनिएको वीरगंजलाई खै के भो ?

### उज्यालोको डेग

वीरगंजको शैक्षिक इतिहास पनि आफ्नै किसिमको छ । शहरको आर्थिक छविले आर्को पक्षलाई ओझेलमा पारेको अनुभूति स्थानियहरूमा छ।त्रिजुध्द माध्यमिक विद्यालय धेरै पुरानो हुनाका साथै काठमाण्डू बाहिरको म्याट्रिक परीक्षाको पहिलो परीक्षा केन्द्र बन्ने सौभाग्य पनि यहँ विधालयले पाएको देखिन्छ भने पहिलो महाविद्यालय ठाकुरराम कलेज यही खुलेको छ । नेपालको पहिलो विश्वविद्यालय नेपाल राष्ट्रीय विधापीठको गर्भाधान यही भयो । महाकवि लक्ष्मी प्रसाद देवकोटाले २०१४ जेठ ३ मा प्रथम विश्वविद्यालय नेपाल राष्ट्रीय विधापीठको उपकुलपतिको हैसियतमा निरीक्षण बहीमा उद्धृत गरेका अमर पक्तिले - बाँकी पृष्ठ ६ मा

"क्रान्ति किल्लाको नामले ख्यातिप्राप्त वीरगंज नेपालको इतिहासमा सबैभन्दा लामो समयदेखि संघर्षशील र क्रियाशील नगर हो । बास्तवमा कुनैपनि नगरलाई राम्रोसँग बुझ्न र त्यसलाई अगाडि बढाउन त्यसको इतिहासलाई गहिराइमा गएर बुझ्नै पर्छ । अनिमात्र त्यस नगरका बारेमा स्पष्ट विश्लेषण र मूल्याकंन गर्न सकिन्छ । निश्चय नै इतिहास लाई सिरानी हालेर मात्र कुनै नगर बांच्न सक्दैन तर इतिहासको जानकारी बिना भविष्यको खाका कोर्न मात्रै होईन, बर्तमानलाई ब्यवस्थित रुपले संचालन पनि गर्न सकिदैन । हुनत कतिपयले वीरगंज शहरलाई यतिखेर इतिहास बोकेर बाँचेको र इतिहास मैं रमाएको शहर पनि भन्ने गर्छन ।

# आगामी आर्थिक वर्षका लागि सोह्र खर्ब अठासी अर्बको बजेट सीमा तोकियो

काठमाडौँ, १३ फागुन

राष्ट्रिय योजना आयोगले मध्यमकालीन खर्च संरचनासहित आगामी आर्थिक वर्षको बजेट सीमा (सिलिङ) तयार पारेको छ। आयोगका अनुसार आगामी आर्थिक वर्ष २०८०/८१ का लागि रु १६ खर्ब ८८ अर्ब ४० करोडको सीमाभित्र रही बजेट तयार पार्न लागिएको हो।




आगामी आर्थिक वर्षको बजेट सिलिङ चालू आर्थिक वर्षको विनियोजित बजेटभन्दा रु एक खर्ब पाँच अर्ब ४३ करोडले कम हो। चालू आर्थिक वर्षका लागि सरकारले रु १७ खर्ब ९३ अर्ब ८३ करोड बराबरको बजेट ल्याएको थियो।

तर मध्यावधि समीक्षामार्फत सरकारले बजेटको आकार रु दुई खर्ब ४४ अर्बले घटाएको छ। सुरुआती विनियोजनको तुलनामा मध्यावधि समीक्षामार्फत बजेटको आकार १४ प्रतिशतले घटाएर रु १५ खर्ब ४९ अर्ब ९९ करोड कायम गरिएको छ।

अहिले अर्थतन्त्रमा देखिएका विभिन्न चुनौती र त्यसले आर्थिक सूचकहरुमा पारेको प्रभावलाई विश्लेषण गरेर बजेटको सीमा अनुमान गरिएको आयोगले जनाएको छ।

चालू आर्थिक वर्षको अर्धवार्षिक अवधिसम्म राजस्व परिचालनमा देखिएको सङ्कुचन, वैदेशिक सहायता परिचालनमा अनुदानको घट्दो प्रवृत्ति र विनिमय दरमा भएको वृद्धिका कारण साँवा-ब्याज भुक्तानीमा पर्नसक्ने थप चाप तथा आन्तरिक ऋण भुक्तानीको व्ययभारसमेतको विश्लेषण गरी राष्ट्रिय स्रोत परिचालनको यथार्थपरक अनुमान तथा प्रक्षेपण गरिएको छ, आयोगले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

आयोगले त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तथा आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रमको खाकासहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९ तयार गरी स्वीकृत गरिसकेको जनाएको छ। सो मार्गदर्शन तथा ढाँचा सबै संवैधानिक निकाय तथा विषय क्षेत्रगत मन्त्रालय एवम् प्रदेश सरकारलाई समेत पठाइसकेको आयोगले जनाएको छ। मध्यमकालीन खर्चसंरचनाअनुसार सरकारी राजस्व आगामी तीन आर्थिक वर्षमा सरदर १४ प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ। राजस्व वृद्धिको सोही अनुमानका आधारमा बजेटको आकार पनि अनुमान गरिएको हो ।नेपाल सरकारको कूल स्रोत आगामी आर्थिक वर्ष २०८०/८१ का लागि रु १६ खर्ब ८८ अर्ब ४० करोड, आर्थिक वर्ष २०८१/८२ का लागि रु १८ खर्ब ८० अर्ब २० करोड र आर्थिक वर्ष २०८२/८३ का लागि रु २० खर्ब ८८ अर्ब ९० करोड बराबर रहने प्रारम्भिक अनुमान छ, आयोगले भनेको छ।

आयोगका अनुसार आगामी आर्थिक वर्षको बजेटको सीमा निर्धारण गर्दा विनियोजन कुशलतालाई ध्यानमा राखिएको छ। विषयगत मन्त्रालय वा निकायहरुबाट बढी बजेट माग हुने तर विनियोजित बजेट बाँडफाँट मुताबिक खर्च नहुने अवस्थालाई मनन गरी बजेट प्रणालीको अनुमान योग्यता र विनियोजन कुशलतालाई ध्यानमा राखिएको छ।

आगामी आर्थिक वर्षका लागि खर्च हुने वा खर्च गर्न सकिने कार्यक्रम तथा क्रियाकलापमा मात्र बजेट व्यवस्था गर्नु उपयुक्त हुने विषयलाई मार्गदर्शनमा जोड दिइएको छ, आयोगको विज्ञप्तिमा उल्लेख छ।रासस

# तीन वर्षभित्र आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य

काठमाडौँ, १३ फागुन

सरकारले आगामी तीन आर्थिक वर्षभित्र आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्यसहित मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३) तयार पारेको छ।




राष्ट्रिय योजना आयोगले त्रिवर्षीय मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रमको खाकासहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०७९ स्वीकृत गर्दै विभिन्न आर्थिक सूचकको तीनवर्षे अनुमान सार्वजनिक गरेको हो। आयोगले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार आगामी आर्थिक वर्ष २०८०/८१ मा छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान गरिएको छ। त्यस्तै, आर्थिक वर्ष २०८१/८२ मा सात दशमलव चार प्रतिशत र आर्थिक वर्ष २०८२/८३ मा आठ प्रतिशतको आर्थिक वृद्धिदर कायम रहने अनुमान आयोगको छ। तर, चालू आव २०७९/८० का लागि सरकारले राखेको आर्थिक वृद्धिदरको लक्ष्य भने हासिल नहुने पनि आयोगले जनाएको छ। चालू आवमा आठ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राखिएकामा चार दशमलव पाँच प्रतिशत बराबर मात्रै रहने देखिएको हो ।चालू आवमा सरकारले उपभोक्ता मुद्रास्फीति सात प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेको थियो। तर यस वर्ष मुद्रास्फीतिले वाञ्छित सीमा नाघेर साढे सात प्रतिशतसम्म पुग्नसक्ने अनुमान आयोगको छ।

त्यस्तै, आगामी आव २०८०/८१ मा छ दशमलव पाँच प्रतिशत र त्यसपछिका दुई आवमा छ प्रतिशतको वाञ्छित सीमाभित्र मुद्रास्फीति राख्ने प्रक्षेपण आयोगले गरेको छ। आगामी तीन वर्षभित्र नेपालको प्रतिव्यक्ति आयमा उल्लेखनीय सुधार हुने अनुमान पनि आयोगको छ। आयोगको विवरणअनुसार प्रतिव्यक्ति आय आव २०८०/८१ मा एक हजार पाँच सय ७२ अमेरिकी डलर, आव २०८१/८२ मा एक हजार सात सय ४० अमेरिकी डलर र आव २०८२/८३ मा एक हजार नौ सय ३५ अमेरिकी डलर पुर्‍याउने लक्ष्य रहेको छ। आगामी वर्षमा नेपालको भुक्तानी सन्तुलनमा घाटा बढ्दै जाने देखिएको छ। भुक्तानी सन्तुलन आगामी आव रु १० अर्ब र त्यसपछिका दुई आवमा क्रमशः रु २० अर्ब र रु २५ अर्बसम्म घाटामा रहने अनुमान आयोगको छ।रासस

# चराको स्वर्ग पुरैनी तालमा जलपक्षी घट्दै

कञ्चनपुर, १३ फागुन

चराको स्वर्ग भनेर चिनिने कञ्चनपुरको बेलौरी नगरपालिका-६ भुराकोटमा रहेको पुरैनी तालमा जलपक्षीको संख्या घट्दै जान थालेको छ।



हिउँदका बेला बसाइँ सारेर आउने जलपक्षीले भरिभराउ हुने तालमा यस वर्ष थोरैमात्रै जलपक्षी आएका छन्। ताल र त्यसको वरिपरिको क्षेत्र मानव अतिक्रमणको चपेटामा परेपछि तालमा चराका प्रजाति घट्दै गएका हुन्। पहिला ३२ बिघा क्षेत्रफल भएको ताल खुम्चिँदै गएर २८ बिघामा सीमित भएको छ। चरा तालमा लामबद्ध भएर पौडिँदै, डुबुल्की मार्दै गरेको र ताल वरिपरि उड्दै गरेको दृश्यले आन्तरिक पर्यटकलाई लोभ्याउँदै आएको छ।चिसो मौसम सुरु हुनै लाग्दा पहिला पहाड छिचोल्दै ठूलाठूला हाँस प्रजातिका चरा तालमा आइपुग्थे, स्थानिय बासिन्दा खड्कबहादुर चन्दले भन्नुभयो, गर्मी सुरु हुन थालेपछि मात्रै फर्कन्थे, पहिलेको जस्तो जलपक्षी आउने क्रमम केही वर्ष कम हुँदै गएको छ।तालभरि कमल फुलेर मनमोहक हुन्थ्यो, त्यसमा चरा रमाउँदै गरेको दृश्यकले यहाँ पुग्ने जो कोही पनि मन्त्रमुग्ध हुन्थे, तालमा हुने कमल हरायो, चरा पनि हराउँदै गएका छन, उनले भने।

उनका अनुसार तालमा माछाका धेरै प्रजाति पाइने गरेका थिए। एउटै माछाको तौल पाँच किलोमाथि नै हुन्थ्यो। अहिले पनि तालमा एक किलोसम्मका माछा पाइने गरेका छन्। तालमा भएका माछा र चरालाई निकटवर्ती क्षेत्रका भारतीयले आएर मार्ने गरेको लक्ष्मण खत्रीले बताउनुभयो। लुकिछिपी आएर चरा मार्छन्, विषादीको प्रयोग गर्छन, उनले भने ,माछा पनि मारेर लैजान्छन्। ताल संरक्षणमा कुनै पनि निकायले चासो नदिँदा ताल खुम्चिँदै जान थालेकोप्रति उहाँले चिन्ता व्यक्त गरे। तालमा ४८ प्रजातिका जलपक्षी पाइने गरेका छन् भने रैथाने जातका १० बढी प्रजाति पाइने गरेका छन्। मङ्सिर र पुस महिनामा चराको चाप ताल क्षेत्रमा अधिक हुन्छ भने, गर्मी बढ्दै जाँदा चराका प्रजाति पुरानै क्षेत्रमा फर्कने भएकाले घट्छन् ।हाल तालमा जलपक्षीको संख्या घटेर २० देखि ३० हाराहारीमा मात्रै देखा पर्ने गरेको स्थानीयको भनाइ छ। चराको बासस्थानमा खलल पुगेपछि जलपक्षीको संख्या घट्दै गएको नेपाल पक्षी संरक्षण सङ्घका चरा विज्ञ हिरुलाल डगौराले बताए।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको सिकारी ताल पछि जलपक्षीका धेरै प्रजाति पाइने पुरैनी हो, उनले भने, चराको बासस्थान व्यवस्थापन, ताल प्रतिवर्ष मासिँदै जान थालेकाले यसको सिमाङ्कनको काम गर्नुपर्छ, निकुञ्ज बाहिर रहेको ताल भएकाले स्थानीय तहले विशेष चासो दिनुपर्छ, यो सबैको सम्पदा हो, संरक्षण गरिनुपर्छ ।गत वर्ष बेलौरी नगरपालिकाले ताल क्षेत्रको केही भागलाई पोखरी बनाई आयस्तरमा वृद्धि गर्नका लागि सिद्देश्वर सहकारी संस्थालाई प्रधानमन्त्री आधुनिकीरण कृषि परियोजनाअन्तर्गत रु दुई लाख ३१ हजार छ सय ५० अनुदान रकम उपलब्ध गराई तीन वटा पोखरी निर्माण गरी माछापालन गरिएको थियो।

जसबाट सहकारीले रु दुई लाख एक हजार पाँच सय २० रकम आम्दानी गरेको थियो।

स्थानीयले तालमा माछापालनको काम गरेपछि विरोध गरेपछि यस वर्ष भने माछापालनको काम गरिएको छैन। नगरपालिकाले ताल संरक्षण र माछापालनको जिम्मा दिएपछि गत वर्ष चरा संरक्षण गर्नका लागि एक जना व्यक्तिलाई खटाएको थियौँ, उनले भने , यस वर्ष माछापालनको काम गरिएको छैन ।पहिला धेरै चरा तालमा आउथे, उनले भने ,जलवायुको असर हुन सक्छ, त्यसैले चरा कम आएका हुन सक्छन्, चराको आहाराको कमी हुन सक्छ। तालको अर्को समस्या भने जलकुम्भीको रहेको छ। ताल पुरै जलकुम्भीले भरिँदै गएको छ। तालको पानी स्थानीयले खेतमा सिँचाइ गर्नका लागि प्रयोगमा समेत ल्याउने गरेका छन्।

स्थानीय थारु भाषामा कमललाई पुरैना भन्ने गरिएका त्यसै आधारमा तालको नाम पुरैनी राखिएको स्थानीय बासिन्दाको भनाइ छ। नगरपालिकाका नगर उपप्रमुख कुलवीर चौधरीले तालको जैविक विविधता नष्ट हुन नदिनका लागि कार्यक्रम सञ्चालन गर्न लागिएको बताए। संरक्षणको कामलाई गम्भीरतापूर्वक लिएका छौँ, उनले भने ,माछा मार्न पूर्णरुपमा निषेध गरेका छौँ, खेतीयोग्य जमिन सिमसार भयो भन्ने स्थानीयको गुनासो छ, त्यस कुरालाई पनि सम्बोधन गर्छौं। ताल र सीमसार क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकसित गर्ने योजना रहेको उनले बताए।रासस

# मदन भण्डारी राजमार्ग : सडकको भौतिक प्रगति ४० प्रतिशत

झापा, १३ फागुन

राष्ट्रिय गौरवको आयोजना मदन भण्डारी राजमार्गको धरान-झापा सडकखण्डको ४० प्रतिशत मात्र भौतिक प्रगति भएको छ।

मदन भण्डारी राजमार्ग योजना कार्यालय दमकका इञ्जिनीयर सजित शर्माका अनुसार शान्तिनगर-सर्दुखोलासम्मको एक सय ३१ किलोमिटर सडकमध्ये ९५ दशमलव ७८ किलोमिटरको ठेक्का लागिसक्यो छ। जसमध्ये हाल निर्माणाधीन अवस्थामा रहेको सडकको भौतिक प्रगति ४० प्रतिशत भएको उनले जानकारी दिए। उनले पाँच वटा निर्माण व्यवसायीले आयोजनासँग जिल्लागत ठेक्काको सम्झौता गरी काम गरिरहेको बताए। उनका अनुसार सो सडक खण्डअन्तर्गत सुनसरीमा १३ किमी, मोरङमा ३६ किमी, झापामा ३५ दशमलव ८ किमी र इलाममा १० दशमलव ९८ किमी सडक निर्माणको काम भइरहेको छ। उनले पूर्वी प्रस्थान बिन्दु बाहुनडाँगीदेखि शान्तिनगरको १० किमी सडकको दुवै क्षेत्रमा ड्रेन निर्माणको काम लगभग सकिएको बताए। सो सडक खण्डको ठेक्का श्रेष्ठ मोतीदान ज्वाइन्ट भेञ्चरले एक वर्षअघि नै दुई वर्षमा निर्माण गर्ने गरी सम्झौता गरेको थियो। उनले तोकिएको मितिमा बाहुनडाँगी शान्तिनगर सडकखण्डको निर्माण सम्पन्न हुने बताए। धरान-झापा सडकखण्डमा बन्ने ३७ वटा पुल र एक सय ३१ किमी सडकका लागि सङ्घीय सरकारले रु १० अर्ब १३ करोड बजेट विनियोजन गरेको छ।



सो सडक खण्डमा पर्ने पुल र सडकको निर्माणमा हालसम्म रु चार अर्ब ८७ करोड खर्च भइसकेको उनले बताए। सडकभन्दा पुल निर्माण छिटो भइरहेको छ, उनले भने,अझै ३५ दशमलव १३ किमी सडकको ठेक्का लाग्नै बाँकी छ ।सङ्घीय सरकारको बजेटबाट निर्माण हुने राजमार्ग दुई लेनको हुनेछ। यो राजमार्गले पूर्वको झापादेखि धरानको चतरा, उदयपुरको गाईघाट, कटारी, सिन्धुलीको सिन्धुलीमाडी, मकवानपुको हेटौँडा, नवलपरासीको गैँडाकोट, पाल्पाको रामपुरबाट गुल्मीको तम्घास र सिमलटारी, प्यूठानको बागदुला, र देवीस्थान, दाङको घोराही, तुलसीपुर र पुरनधारा, सुर्खेतको बोटचौर, डोटीको सिमचौर र बिपीनगर, कैलालीको सहजपुर, डडेलधुराको बुडर र जोगबुढा हुँदै रुपालसम्म पुग्नेछ।

उनले यो सडक नेपालको पूर्वी सीमा मेची नदीदेखि चुरेभावर तथा भित्री मधेस छिचोल्दै पश्चिम महाकाली नदीसम्म करिब एक हजार २०० किमीको हुने बताए। रासस

# प्रशोधन केन्द्र खुलेपछि निस्दीका कृषक अदुवा खेतीमा आकर्षित

तानसेन , १३ फागुन

निस्दी-५ गल्धाकी विष्णुमाया राक्सेले अदुवा खेती गर्न थालेको १० वर्ष भएको छ। अन्य खेती छाडेर अदुवा खेती गर्दै आएका राक्सेको परिवारले अदुवाको मूल्य नपाएपछि यसबाट विस्थापित हुन थाले। खेती गर्‍यो, बेच्ने बेलामा मूल्य नै आउँदैन। लगानी उठाउन पनि गाह्रो, राक्से भन्छन्, अदुवा खेती गर्ने मन नै मरेको थियो। गल्धा सामाजिक उद्यमी महिला सहकारी संस्थाले गाउँमै प्रशोधन केन्द्र सञ्चालनमा ल्याएपछि कृषकले बजार मूल्य पाउन थालेका हुन्। राक्सेजस्तै गल्धाका धेरै महिला विगतका वर्षमा भएको अदुवाको बजार मूल्यको उतारचढाव तथा बजारको अनिश्चितताको कारणले अदुवा खेती कम गर्दै अन्य बाली खेती गर्न बाध्य थिए। गत वर्षबाट आफ्नै सहकारीले अदुवाको सङ्कलन, बजारीकरण तथा प्रशोधन सुरु गरेपश्चात् उनीहरु उत्साहित भएका हुन्। आठ रोपनीमा अदुवा खेती गर्दै आउनुभएकी उहाँले मकै र कोदो लगाएको बाँकी आठ रोपनीमा पनि अदुवा खेती नै गर्ने सोच बनाएका छन्। विगतमा अदुवा उत्पादनमा पाल्पा जिल्लालाई अगुवाइ गरेको निस्दी गाउँपालिका र यहाँका कृषक बजारको अनिश्चितता र उत्पादनको उचित मूल्य नपाउँदा अदुवा खेतीमा आकर्षण विस्तारै घट्दै गएको थियो। अदुवाको बजार सुनिश्चितता तथा कृषकलाई उचित मूल्य प्रदान गर्न विगत दुई वर्षदेखि गल्धा सामाजिक उद्यमी महिला सहकारी संस्थाले बजारीकरण गर्दै आएको छ। संस्थाका व्यवस्थापक दिलमाया सारुका अनुसार दुई वर्ष अगाडि कृषकबाट उत्पादित सात हजार ६४ केजी अदुवा खरिद गरी बजारीकरण सुरु गरेको सहकारीले गत वर्ष ६३ हजार एक सय २३ केजी अदुवा खरिद गरी बजारीकरण गरेको थियो। निस्दीमा बिजुली छैन्, हामीले सोलार प्रविधिबाट अदुवालाई प्रशोधन गर्ने प्रविधि ल्याएका छौँ, सहकारीका व्यवस्थापक सारुले भने। गत वर्षबाट वातावरणमैत्री सोलार ड्रायर (अदुवाको चाना सुकाउने प्रविधि) को प्रयोग गरी चाना तथा धुलो प्रशोधन र ब्रान्डिङ सुरुआत गरेको छ। अन्तर्राष्ट्रिय बजारमा नेपालमा उत्पादित सोलार ड्राइङ गरेको प्राङ्गारिक अदुवाको चानाको उच्च माग रहेको छ। सहकारीमा आधुनिक अदुवा प्रशोधन केन्द्र स्थापना गरिएको छ। सहकारीका कार्यवाहक अध्यक्ष सीतादेवी घिमिरेका अनुसार चार सय मेट्रिक टन अदुवा प्रशोधन गर्नसक्ने क्षमताको प्रशोधन केन्द्रबाट यस वर्ष दुई सय मेट्रिक टन अदुवा प्रशोधन गरीएको छ। यहाँबाट प्रशोधित अदुवा विदेश निर्यातसम्म गर्ने लक्ष्य सहकारीको छ।

हेफर इन्टरनेशनल नेपालको प्राविधिक तथा आर्थिक सहयोग, निस्दी गाउँपालिका, कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको आर्थिक सहयोगमा यसै वर्ष गल्धा सामाजिक उद्यमी महिला सहकारी संस्थामा प्रशोधन केन्द्र स्थापना गरिएको थियो। सहकारीमा आबद्ध तीन सय २० जना अदुवा कृषकले ४० हेक्टर क्षेत्रफलमा अदुवाको व्यावसायिक खेती प्रवर्द्धन गर्ने योजना बनाएको सहकारीले जनाएको छ ।रासस

# वैदेशिक रोजगार कम्पनीलाई “आइरिस” मा सूचीकृत हुन आग्रह

नेपालगञ्ज, १३ फागुन

वैदेशिक रोजगारीका लागि स्थापना भएका कम्पनीलाई अन्तर्राष्ट्रिय नैतिक भर्ना प्रणाली (आइरिस) मा सूचीकृत हुन आग्रह गरिएको छ। उक्त प्रणालीमा सूचीकृत नहुँदा वैदेशिक रोजगारमा रहेका कामदारले अनेकौँ जोखिम लिनुपर्ने भएकाले सन् २०२५ सम्ममा नेपालमा रहेका सबै वैदेशिक रोजगार कम्पनीलाई सो प्रणालीमा अनिवार्य सूचीकृत हुन आग्रह गरिएको हो। नागरिक समाजसम्बद्ध विभिन्न संस्था र स्थानीय सरोकार भएका संस्थासँग यहाँ भएको दुई दिने छलफलमा यस प्रणालीले वैदेशिक रोजगारमा संलग्न हुने कामदारको अधिकार सुरक्षित हुने हुँदा त्यसबाट कामदारले लाभ लिन सक्ने कुरामा जोड दिए। अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइएमओ) नेपालका श्रम आप्रवासन र मानव विकास विभागका प्रमुख प्रज्जवल शर्माले वैदेशिक रोजगारीमा गएका कामदार सुरक्षित नभएकाले जोखिम मोलेर काम गरिरहेको बताए। उनले आइरिसका विश्वव्यापी विभिन्न सातबुँदे सिद्धान्तलाई अक्षरशः पालना गर्न आग्रह गर्दै यसले कामदारको अधिकारलाई सुनिश्चित गर्ने बताए। कामदारसँग वैदेशिक रोजगार कम्पनीले जथाभावी शुल्क लिनै पाउँदैनन, उनले भने। यो प्रणालीलाई नेपालमा लागू गर्नका लागि सन् २००६ बाट विभिन्न काम भएको र सन् २०२५ सम्ममा सबै वैदेशिक रोजगार कम्पनीलाई यसमा सूचीकृत हुनुपर्ने प्रावधान रहेको छ। आइरिस प्रमाणीकरणको काम सन् २०१८ बाट केही खास मुलुकमा सुरु भएको बताइएको छ। वैदेशिक रोजगारीमा रहेकाको अधिकारलाई प्रवर्द्धन गर्न यो मापदण्ड आएको हो। महेन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक रेशम चापागाईले वैदेशिक रोजगारीमा रहेकाको पक्षमा यो भर्ना प्रणालीले वकालत गरेको उल्लेख गर्दै पारदर्शिता र जवाफदेही बनाउन रोजगारदाता र रोजगार व्यवसायीलाई सहयोग पुग्ने विश्वास व्यक्त गरे। आइरिस सिद्धान्तमा आप्रवासी कामदारबाट भर्ना शुल्क तथा सो सम्बन्धी लागत उठाउन रोक, हिँडडुलको स्वतन्त्रता, रोजगारीका सेवा तथा शर्तमा पारदर्शिता, गोपनीयता तथा विवरण (डाटा) को सुरक्षा, समाधानका उपायमा पहुँच, नैतिक तथा व्यावसायिक संहिताको सम्मान, कानुन तथा कामको आधारभूत सिद्धान्त र अधिकार उल्लेख भएको छ। महिला अधिकारकर्मी जया भण्डारीले यो सिद्धान्त पालना भए मात्रै पनि वैदेशिक रोजगारीमा गएकाले सास्ती नपाउने तर्क गर्नुहुन्छ। श्रमिक भर्नामा आचार विधि प्रवर्द्धन गर्न खडा गरिएको विश्वव्यापी प्रयत्नलाई आइरिस मानिएको छ।रासस

# जसपा अध्यक्ष यादवलाई संसद छिर्ने बाटो खुल्यो

मधेशदृष्टि
जनकपुरधाम, १३ फागुन । राष्ट्रपति निर्वाचनले ल्याएको राजनीतिक समीकरण परिवर्तनले जनता समाजवादी पार्टी (जसपा) नेपाल अध्यक्ष उपेन्द्र यादवले संसद छिर्ने बाटो खुलेको छ।

अध्यक्ष यादवले सोचे जस्तै उनको पार्टीले उपराष्ट्रपति पद कोटामा पाएपछि एकजना सांसदलाई राजनीमा दिलाएर उनलाई उपराष्ट्रपतिको बनाई खाली भएको त्यो ठाउँबाट चुनाव लड्ने सम्भावना बढेको छ।

पार्टी भित्र कसलाई राजीनामा दिलाएर उपराष्ट्रपति सम्भावित उम्मेदवारबारे खोजी शुरु भइसकेको छ । उपराष्ट्रपति जसपामा कसलाई उम्मेदवार बनाउने भनेर आन्तरिक छलफल सुरु गर्नुका साथै त्यसका लागि नेताहरुले लबिङ समेत थालिसकेका छन् । जसपाबाट उपराष्ट्रपतिको उम्मेदवारमा पहिलो नम्बरमा रामसहाय यादवको नाम चर्चामा आएको छ। यस्तै दोस्रो नम्बरमा नवलकिशोर साहको नाम चर्चामा छ।

पार्टीबाहेकका व्यक्तिहरुले पनि चासो लिइरहेका छन् । तर सांसदमध्ये नै एकजना कसैलाई राजीनामा दिन लगाएर उपराष्ट्रपति बनाएर उपनिर्वाचन मार्फत संसद छिर्ने कसरतमा जुटेका छन् । यादवका लागि सबभन्दा सहज बारा-२ बाट प्रतिनिधि सभा सदस्यमा चुनाव जितेका रामसहाय यादवलाई उपराष्ट्रपति बनाउँदा हुने देखिन्छ । अरु क्षेत्रभन्दा यादवलाई बारा २ बाट चुनाव जित्न पनि सजिलो हुने र रामसहाय यादवलाई राजिनामा पनि गराउन सजिलो हुने भएकाले पार्टीमा त्यही विषयमा छलफल थालिएको हो।

यता जसपाका कार्यकारिणी सदस्य समेत रहेका यादवले यसबारेमा अहिले औपचारिक छलफल नभए पनि पार्टीले गर्ने निर्णय आफूलाई मान्य हुने बताए । उनले भने, 'उपराष्ट्रपतिमा उम्मेदवारी दिने विषयमा पार्टीमा अहिले कुनै छलफल भएको छैन , मलाई त्यसको बारेमा कुनै जानकारी पनि छैन ।' उनले अगाडि भने, 'उपराष्ट्रपतिको विषयमा छलफल हुन बाँकी छ । पार्टीले उपराष्ट्रपतिको विषयमा जे निर्णय गर्छ त्यो मलाई स्वीकार हुन्छ, पार्टीको निर्णयभन्दा बाहिर जान सक्दिनँ ।'

पार्टीका कार्यकारिणी सदस्य राजकिशोर यादवले उपराष्ट्रपति जसपाले पाउने निश्चित भएको बताए । तर पार्टीको तर्फबाट को उम्मेदवार बन्ने अहिले टुंगो नलागेको उनको भनाइ छ । 'उपराष्ट्रपतिको उम्मेदवारबारे पार्टीमा विषय नै प्रवेश भएको छैन, राष्ट्रपतिको उम्मेदवारीपछि बस्ने पार्टीका बैठकबाट त्यसको बारेमा निर्णय हुन्छ', उनले भने ।

जसपाका अर्का कार्याकारिणी सदस्य रकम चेम्जोङले उपराष्ट्रपतिको विषयमा छलफल सुरु नभएपनि पार्टीले सर्वसम्मतिबाट यो विषयलाई टुग्यांउने बताए । पार्टीमा जसको नाममा सहमति बन्छ, उसैलाई सबैले स्वीकार गर्नुपर्ने उनले बताए । फागुन २७ गते उपराष्ट्रपतिको उम्मेदवारी दिने समय तोकिएको छ । त्यसअघि नै उपराष्ट्रपतिको उम्मेदवार टुंगो लगाउनुपर्ने हुन्छ । उपराष्ट्रपतिको निर्वाचन चैत ३ मा हुनेछ ।

# ग्रिल खसाएर मारेको आरोप भन्दै पिडीत परिवारद्वारा प्रदर्शन

मधेशदृष्टि , जनकपुरधाम, १३ फागुन । जनकपुरधाममा घरको ग्रिल खसेर एक बालकको मृत्यु भएको घटनामा पिडीत परिवारले जानी जानी घरधनीले ग्रिल खसाएर मारेको आरोपलगाएकाछन्।जनकपुरधाम उपमहानगरपालिका-११ कन्या पाठशाला बस्ने आलम राइनका ३ वर्षीय कान्छो छोरा अलि हुसैनको शरीरमाथि स्थानीय बाबा पेट्रोल पम्पका सञ्चालक विष्णुदेव साहका छोरा विवेक साह र बुहारी सोनम साहले घरको ग्रिल जानीजानी खसाएर मारेको आरोप लगाइएको हो।

मृतक बालकका काका मजरुल राइनले आफ्नो भतिजलाई जानीजानी मारेको आरोप लगाएका छन् । उनले बाबा पेट्रोल पम्पका सञ्चालक विष्णुदेव साहका ३२ वर्षीय छोरा विवेक कुमार साह र ३० वर्षीया बुहारी सोनम साहले आफ्नो भतिजलाई मारेको दाबी गरे ।

उनले भने, 'शुक्रबार दिउँसो करिब साढे ४ बजेको समयमा जनकपुरधाम-११ कन्या पाठशालादेखि धनुषा पथ जाने ढलान सडकमा उनको घर अगाडि खेलिरहेका मेरा भतिज आलमको जिउमा पर्नेगरि जानीजानी ढोका धकेल्दा च्यापिएर मृत्यु भएको हो ।'

उनले भने विगतदेखि नै साहको घर अगाडि बच्चाहरु खेलकुद गर्दा गालीगलौज गर्नुका साथै ज्यान मार्ने धम्कीसमेत दिँदै आएको थियो र शुक्रवार घटना नै घटाइदियो। विवेकले बालकलाई मार भन्दै आफ्नो पत्नीलाई आदेश दिएपछि बिना सपोट गरि राखेको अवस्थामा रहेको घरको फलामको मूलढोका आफ्नो



भतिजको जिउमाथि खसालेको उनले आरोप लगाए।

शुक्रबार घटना घटेपनि प्रहरीले अहिलेसम्म मुद्दा दर्ता गर्न नमानिरहेको मजरुलको गुनासो छ। मृतक बालकका बुवा आलम राइन वैदेशिक रोजगारीमा छन् । मृतक बालकका आफन्तले आक्रोशित हुँदै शनिबार साहको घर अगाडि टायर बालेर विरोध प्रदर्शन समेत गरेका छन् । पिडीत परिवारले प्रहरी पनि आरोपित साहसँग मिलेको आरोप लगाउँदै मुद्दा दर्ता गर्न नमानेको भनेका छन् ।यता, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेद प्रकाश गौतमले प्रहरीले घटनाको सुक्ष्म अनुसन्धान गरिरहेको जानकारी दिएका छन् । उनले प्रहरीले मृतकको परिवारजनको उजुरीपश्चात घटना सम्बन्धमा थप अनुसन्धान प्रक्रिया अगाडि बढाइसकेको दाबी गरेका छन् ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

मधेशदृष्टि
जनकपुरधाम, १३ फागुन । मोटरसाइकल दुर्घटनामा परी धनुषामा एकजनाको मृत्यु भएको छ भने ३ जना गम्भीर घाइते भएको छ । मृत्यु हुनेमा सबैला नगरपालिका अमरखाना बस्ने चन्देश्वर यादवका २३ वर्षीय छोरा अजय कुमार यादव रहेको प्रहरीले जनाएको छ । विपरित दिशाबाट आइरहेको एउटा मोटरसाइलले अर्को मोटरसाइकललाई ठक्कर दिंदा युवकको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक वेद प्रसाद गौतमले जानकारी दिए ।शनिबार दिउँसो १ बजेतिर सबैला नगरपालिका-९ कुशमाहा सतोषर र गेरुवाहिकोबीचमा रहेको परिक्रमा सडकखण्डमा दुईवटा मोटरसाइकल एक आपसमा ठोक्किदा मोटरसाइकलमा सवार युवकको घटनास्थलमै ज्यान गएको प्रवक्ता गौतमले बताए।

दुर्घटनामा परी एकजनाको खुट्टा पूर्णरुपमा फ्याक्चर भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । उक्त दुर्घटनामा सबैला नगरपालिका-७ चौरियामटहि बस्ने जितु ठाकुर बरहि र सोहि नगरपालिका वडा नम्बर-५ मखनाहा बस्ने २२ वर्षीय सुरज मण्डलको अवस्था गम्भिर रहेको प्रहरीले जनाएको छ ।दुर्घटनामा परी घाइते भएका सबैला नगरपालिका-१० बस्ने २५ वर्षीय मनोज यादव र २४ वर्षीय रविन्द्र मण्डलको अवस्था भने सामान्य रहेको छ ।

## राष्ट्रपतिमा पौडेल र ...............................

भएर जेल परेका थिए। उनी कीर्तिपुर विश्वविद्यालयमा रमाइलो झोडा काण्डको विरोधमा कार्यक्रम गर्दा गिरफ्तार भएर २०२८ बाट २०३२ सम्म जेल परेका थिए।

पौडेल २०४७ पछिका आमनिर्वाचनमा ६ पटक (वि.सं २०४८, २०५१, २०५६, २०६४, २०७० र २०७९) तनहुँबाट प्रतिनिधि सभा तथा संविधान सभा सदस्य निर्वाचित भइसकेका छन् । उनले स्थानीय विकासमन्त्री, कृषि तथा सहकारीमन्त्री, उपप्रधानमन्त्री तथा गृहमन्त्री, सञ्चारमन्त्री, जलस्रोत, शिक्षामन्त्री र उपप्रधान तथा शान्ति पुनःनिर्माणमन्त्री भएर सरकार सञ्चालनको अनुभव बटुलिसकेका छन् । प्रतिनिधिसभाका पूर्वसभामुखसमेत रहेका पौडेल मानव अधिकारसम्बन्धी विभिन्न पुरस्कारसहित जापान सरकारले प्रदान गरेको राजकीय सम्मान 'अर्डर अफ द राइजिङ सन' बाट सम्मानित भइसकेका छन् । सशस्त्र द्वन्द्वरत तत्कालीन नेकपा माओवादीलाई मूलप्रवाहको राजनीतिमा ल्याउने ऐतिहासिक वार्ता र सहमतिका काममा अग्रणी भूमिका पनि निभाएका थिए। उनी १२ बुँदे सहमति र विस्तृत शान्ति सम्झौताका मस्यौदाकार मध्येमा पनि पर्दछन् ।

पार्टी र सरकार दुवैतर्फ सर्वोच्च नेतृत्वमा पुग्न भने उनी असफल रहँदै आएका पौडेलले ०६७ सालमा प्रधानमन्त्रीका लागि उनले १७ पटक प्रतिस्पर्धा गरे। तर, सो पदमा उनी पुग्न सफल भएनन्। त्यस्तै पार्टी सभापतिको चुनाव पनि उनले हारे। त्यसैले कतिपयले उनलाई निर्वाचनमा असफल हुने नेताका रुपमा लिने गरेका थिए। तर, राजनीतिक जीवनको उत्तरार्धमा उनका लागि राष्ट्रप्रमुख पदको ढोका खुलेको छ। तनहुँको व्यास नपा-२ अमरापुरी स्थायी बसोबास भएका नेता पौडेल काठमाडौंको बोहराटारमा बस्दै आएका छन्। उनले नेपाली साहित्यमा स्नाताकोत्तर र संस्कृतमा शास्त्रीसम्मको अध्ययन गरेका छन् । कांग्रेसवृतमा उनलाई विपिले प्रतिपादन गरेको समाजवादलाई व्यवहारमा उर्तान सकिन्छ भनेर अभियान चलाउने नेताहरु मध्येका हुन् ।

**नेम्वाङ** : इलाम-२ बाट प्रतिनिधि सभा सदस्यमा विजयी भएका सुवास नेम्वाङ पूर्व सभामुख हुन् । नेम्वाङ विसं २०६३ मा पुनः स्थापित प्रतिनिसिधासभाको सभामुख, २०६४ सालदेखि २०६९ साल जेठ १४ गतेसम्म संविधानसभाको पहिलो कार्यकालका सभामुख र २०७० फागुन ६ गतेदेखि २०७२ साल असोज २७ गतेसम्म दोस्रो कार्यकाल सभामुखको जिम्मेवारी सम्हालिसकेका छन् ।नेपालको संविधान २०७२ जारी गर्द नेम्वाङ सभामुखको भूमिकामा थिए । संविधान २०७२ जारी गराउनुमा उनको उल्लेखनीय भूमिका रहेको छ ।

२०५६ सालदेखि इलामबाट लगातार निर्वाचन जितेका नेम्वाङ चार पटक सभामुख भइसकेका छन् । दुइवटै संविधान सभामा उनी अध्यक्ष थिए । उनी २०५१ सालमा एमाले नेतृत्वको सरकारमा कानुन मन्त्री बनेका थिए ।

विसं २०४८ देखि २०५२ सालसम्म राष्ट्रियसभा सदस्य बनेका उनी त्यस लगत्तै पुनः राष्ट्रियसभा सदस्य भए । प्रतिनिधिसभा निर्वाचन २०६५ मा इलाम २ बाट निर्वाचित उनी संविधानसभा निर्वाचन २०६४ र २०७० मा इलाम २ बाट निर्वाचित भएका थिए । प्रतिनिधिसभा निर्वाचन २०७४ मा इलाम २ बाट निर्वाचित नेम्वाङ कानून समिति सदस्य, संसदीय दलको उपनेता र २०५६ सालमा सार्वजनिक लेखा समिति सभापति भएका थिए ।

विसं २०५१ मा न्याय कानून तथा संसदीय राज्यमन्त्री हुँदै मन्त्री भएका उनी सामान्य प्रशासनमन्त्री र स्थानीय विकासमन्त्री भए । राजनीतिमा प्रवेश गर्नुअघि नेपाल ल क्याम्पसमा प्राध्यापन र कानून व्यवसाय (वरिष्ठ अधिवक्ता) रहेका उनले पञ्चायती निरङ्कुशता विरुद्धको राजनीतिक आन्दोलनका क्रममा पटक-पटक सार्वजनिक सुरक्षा अन्तर्गत नजरबन्द परेका थिए । प्रधानमन्त्री तुलसी गिरीको पालामा चलाइएको राजकाज मुद्दामा सात महिना जेल परे ।

इलाम नगरपालिका ७ सुन्तलाबारीमा विस २००९ फागुन २८ गते जन्मिएका नेम्वाङले अनेरास्ववियुबाट राजनीतिमा प्रवेश गरेका थिए । उनी एमालेको केन्द्रीय न्यायिक समिति सदस्य हुँदै २०७५ बाट नेकपा स्थायी कमिटी सदस्य बनेका थिए । त्यसैगरि २०४८ देखि हालसम्म लगातार सांसद रहेका छन् ।

बिए र बिएल गरेका नेम्वाङ प्राध्यापन, कानून व्यवसाय र राजनीतिलाई एकसाथ अघि बढाका हुन् । उनी प्राध्यापक संघमा पनि सक्रिय थिए भने उनी नेपाल बार एसोसिएसनको महासचिव पनि भए । राज्यबाट उनलाई संविधानसभा पदक, राष्ट्र गौरव पदक प्राप्त छ । गणेशमानसिंह प्रतिष्ठानले उनलाई गणेशमानसिंह जनआन्दोलन स्वर्ण पदक प्रदान गरेको छ ।

## अनियन्त्रितरुपमा गिट्टीबालुवा.......

छन्। टिफर गुड्दा उडेको धुलो, धुवा र आवाजले विद्यार्थीको पढाई प्रभावित हुने गरेको शिक्षकहरु बताउँछन्।

विद्यालयका एक शिक्षकले भने, 'हामीले पढाई प्रभावित भयो भन्ने ठाउँनै छैन, ठेकेदार हामीभन्दा धेरै वलिया छन्, नगरलाई भनौं त्यहीबाट अनुमति ल्याएको छ। हामीले भन्ने ठाउँ नै छैन। यतिकै सहेर धुलो धुवाखानु पर्ने अवस्था छ।'

जिल्ला समन्वय समिति, जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयले अनुगमनको क्रममा सवै मापदण्ड पुरा भएका खानीमात्र सञ्चालनमा आएको दावी गर्दै आएको छ। तर, धनगढीमाई नपामा दर्ता भएका भनिएका खानीहरुले पनि कानुनी मापदण्ड पालना गरेको पाइदैंन ।

धनगढीमाई नगरपालिकाले ओमगणेशाय कन्ट्रक्सन प्रालि डाक्नेश्वरी नगरपालिका ९ सप्तरीलाई वडा नम्वर १३ र ८ अन्तर्गत साविक विष्णुपुकट्टी गाविस २ क ५१, ४९१, ४७७ जम्मा २९ कट्ठा जग्गाबाट १५ लाख ७१ हजार ९०७ क्यूविक फूट उत्खनन गर्ने अनुमति दिएको छ।

पालिकाले अनुमति दिंदा पालना गर्नुपर्ने सर्तहरुसमेत पालना भएको छैन। सतहभन्दा १५ फिट गहिरो खन्न पाउँने , खानीबाट दैनिक २५० घनमिटरमात्र उत्खनन् तथा ढुवानी गर्न पाउने, बाटोबाट २ सय फिट परमात्र खन्न पाउने, माटोबाहेक १० फिट गहिरो उत्खनन गर्न सकिने, ढुवानीको लागि बैकल्पीक मार्ग प्रयोग गर्ने जस्ता शर्तहरु छन्।

यी सर्तहरु पालना नभएको स्थानीय बताउँछन्। विद्यालय, वस्ती नै प्रभावित हुनेगरी दैनिक सयौंको संख्यामा टिपर गुडिरहेका छन्। पालिकाले तोकेको भन्दा दोब्बर बढी खाल्डो खनिएको छ। बस्ती,विद्यालय,र बाटोसंगै टासिएर उत्खनन् गरिएका छन्। नदी, नदी उकास जग्गा र पर्ती जग्गा मात्र नभइ जिल्लामा चुरे क्षेत्रमा समेत अनियन्त्रित उत्खनन् हुँदै गएको छ।

वन तथा भूसंरक्षण मन्त्रालयले सिराहा सहितका ३६ जिल्लालाई चुरे संरक्षण क्षेत्र अन्तर्गत राखेको छ। मुलुकको कूल भूभागको १२ दशमलव ७८ प्रतिशत चुरे क्षेत्रमा पर्छ ।

## विद्यार्थीको घरदैलोमा ............

प्रतिशत विद्यार्थीको उपस्थिति देखिएको छ" प्रधानाध्यापक यादवले भने ।

विद्यालयमा विद्यार्थीहरुको नियमित उपस्थितिका लागि घरदैलो अभियान चलाउनु परेको विद्यालयका शिक्षक शिवनारायण यादवले बताए । विद्यार्थीहरुको घरदैलोमा पुगेर अभिभावकहरु संग छलफल गर्दै विद्यार्थीलाई नियमित विद्यालयमा पठाउन आग्रह गरेको र अव विद्यार्थीहरुको उपस्थिती नियमित हुने उनले विश्वास व्यक्त गरे ।

सोही अभियानमा सहभागी रुपनी गाउँपालिका वडा नम्बर ४ का वडाध्यक्ष छेदी इसरले घरमै पुगेर अभिभावकहरुलाई नियमित विद्यालय पठाउन आग्रह गरेको बताए। पहिलो चरणमा यस्ता अभियान मार्फत अभिभावक र विद्यार्थीमा चेतना जगाउने प्रयास थालिएको र पटक पटक लापरवाही गरे सरकारबाट प्राप्त हुने सेवा सुविधा रोक्न सकिने पनि उनले चेतावनी दिए । "पहिलो चरणमा हामी सबै सरोकारबाला घरघरमा गएर अभिभावकहरुलाई अनुरोध गरेका छौं । मलाई विश्वास छ अव नियमित रुपमा आफ्ना विद्यार्थीलाई विद्यालय पठाउँछन्" वडाध्यक्ष इसरले भने, "विद्यार्थीहरुलाई विद्यालय नपठाएर शिक्षाबाट बञ्चित गराउने कार्य गरिए सकारबाट पाउने सबै सेवा सुविधा रोक्ने तर्फ अगाडि बढ्नेछु ।"

घरदैलो अभियानमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष घुरन मुखिया, सदस्य श्यामानन्द सरदार, शिक्षकहरु, गुलावदेवी यादव, मालती कर्ण, विभा यादव, रिता यादव र जनमत पार्थीका सन्तोष ईसर सहित स्थानियहरुको सहभागिता थियो ।

## वीरगंजको कथा .........................................

वीरगंजमा शिक्षाप्रतिको सामाजिक चेतना र सहयोगको आकाक्षालाई प्रतिविम्बित गर्दछ ,यहाँ सहृदय सज्जनको कमी छैन भनेर ईट पत्थर बोलिरहेका थिए ।उञ्यालोको उपासनाको यहाँ अभाव हुन सक्दैन भनी जनताको उत्साह र सक्रियता बोलिरहेको थियो । जनता र शिक्षित वर्गबीच सहयोग यसरी हुन गई, सामाजिक सेवाका कार्यहरू सम्पादन हुन गएमा प्रजातंत्र नेपाल सफल तवरले बन्ने थियो ।

२००७ साल चैत्र २५ गते यही हाईस्कूलमा केदारमान ब्यथितको सभापतित्वमा विधापिठले अस्तित्व लियो । यसको पहिलो कुलपति गणेशमान सिह र उपकुलपति महाकवि लक्ष्मीप्रसाद देवकोटा भए । विद्यापीठको साहित्यिक प्रकाशन नेराविं २०२६ बर्खाको अंकमा हरिहरप्रसाद शर्माले लेखेका छन, यस संस्थाबाट संचालित प्रवेशिका, विशारद, साहित्य रत्न र बिधालंकार क्रमशः म्याट्रिक ,आई.ए, बी.ए.(अनर्स)र पिएच.डी. समकक्षका परीक्षा हुन । बिधापीठ नै विश्वविद्यालयीय स्तरका परीक्षाहरू संचालन गर्न नेपालमा सर्वप्रथम उभिएको थियो। २०१३ मा श्री ५ को सरकारबाट प्रवेशिकाले एस. एल.सी. समकक्षको मान्यता पाएको हो ।

सो भन्दामाथिका लागि परीक्षा संचालन गरिरहनु भन्ने आदेश पाएको थियो। नेराविं आफ्नो समयको एउटा उत्कृष्ट साहित्यिक संगालो मानिएको थियो । यसका प्रधान सम्पादक कृष्ण प्रसाद पराजुली थिए।

बि.सं. २००८ मा श्यामप्रसाद शर्माको सम्पादनमा वीरगंजबाट प्रकाशित सेवा पत्रिका मोफसलकै पहिलो पत्रिका ठहरिएको छ । पंचायतकालको शुरूआत पछि गोविन्द वियोगीले २०२१ मा मातृभूमि पत्रिकाको वीरगंजमा दर्ता गराएर यहीबाट अल्प अवधिका लागि प्रकाशन गरेको इतिहास भेटिन्छ ।नेपाली फ़ोटो पत्रकारिता को प्रारम्भबिन्दु वीरगंजकै प्रसंगसँग जोडिन पुग्छ ।आफ्नो कपासको बगैचामा श्रीचन्द्र कामधेनु चर्खाले धागों कातिरहेकी वीरगंज की १२ बर्षीया सूर्यमति श्रेष्ठको तस्वीर गोरखापत्रमा पहिलोपटक छापियो । फोटो पत्रकारिताको इतिहास कोर्ने उक्त तस्वीरलाई नेपाली फोटो पत्रकारिता को प्रथम प्रयास मानिन्छ ।

वीरगंजमा आएर भोजपुरी (भाषा) जुन सादगी, घनिष्ठता र संवेदनात्मक ढंगले विकसित भयो, त्यसैले यहाँका गैर भोजपुरी भाषी पनि यसलाई त्यतिकै आत्मियता र मिठासले पोख्छन । साहित्य र शिक्षाका क्षेत्रमा वीरगंजको राष्ट्रीय रूपमै हस्तक्षेप रहदै आएको आफ्नै परम्पराको कांवरलाई बर्तमानलाई थेग्न गाह्रो देखियो । उसो वीरगंज शैक्षिक केन्द्रको रूपमा आफ्नो चिनारी कायम राख्न भरमग्दुर कोशिशमा छ ।

शंकर लाल केडियाले विश्व हिन्दू महासंघ जन्मकथा पुस्तकमा , नेपालमा पहिलो पटक भनिएको विश्व हिन्दू सम्मेलन( २०३७ चैत्र २९) का लागि एक मुस्लिम ब्यवसायी शमसुद्दीन ले एघार हजार प्रेमले दिएको उल्लेख गरेका छन ।

यस शहरको समासिक चरित्र यहाँका सामाजिक- सांस्कृतिक ब्याकरणमा झल्किन्छ, यो नै यस शहरको मूल मिजास हो ।वीरगंजमा पुस्तकालय स्थापनाको आठ दशकदेखिको परम्परा छ । आदर्श, अलखिया, देवकोटा अध्ययन मण्डल जस्ता आफ्नै भवन भएका पुस्तकालय अस्तित्व आए । तर अहिले पुस्तक संस्कृति साँघुरियो । माईस्थान बुक स्टलका सुरेश जोशी भन्छन -पुस्तक र पत्रिकाहरू पढ्नेहरू कम हुदै गए ।

नेपाल सुन्दरीको उपाधि पाएकि रूवि राणा र उषा खड्गीको नाता वीरगंजसँग छ। वीरगंजीया भनेपछि दुईथरिका छन ।यही जन्मिएर यतै वा अन्यत्र सक्रिय हुने वा बाहिरबाट कर्मथलो बनाउन आईपुग्नेहरू । अचेल त नवनागरिकहरू पनि कम महत्वाकांक्षी छैनन् । राष्ट्रीय जीवनको प्रत्येक क्षेत्रमा वीरगंजीयाले दखल दिएको छ ।

### महानगर कि महागांऊ !

यो शहर नगरपालिका, उपहानगरपालिका हँदै महानगरपालिका बन्यो । यहाँ बिभिन्न बस्तीहरू छन, जो कुनै बखत बारा जिल्लाबाट ल्याईए कुनै पर्साकै बस्तीहरू गाभिए । वीरगंज अहिले जुनरूपमा आकार लिएको छ, त्यो एकैपटक भएको होईन, बिस्तारै बिस्तारै शहरको आवश्यकता अनुसार नयाँनयँ बस्तीहरू जोडिने क्रम शुरू हुदै गएको हो । तर पनि वीरगंजले अहिले पनि सम्पूर्णरूपमा वीरगंजको परिचय पाउन सकेको छैन । घण्टाघरबाट डेढ़ किलोमीटर को दूरीमा रहेको मूर्लीका पूराना बासिन्दाहरू अहिले पनि शहरतिर निस्कनु परे भने वीरगंज जाउँ भन्छन । बीरगंजकै बासिन्दाले कुन ठाँउलाई वीरगंजकारूपमा चिन्ने गर्छन, छुट्याउन गाह्रो छ।

स्थानिय बासिन्दाहरूको लवजमा यसरी वीरगंज जाऊँ भन्ने शब्द कसरी आयो ? पंचायतका बेलादेखि नै कतिपय गाँऊहरूको छुट्टै प्रशासनिक संरचना थियो जो बिस्तारै वीरगंजमैं गाभिदै आयो । धेरै बस्तीहरू मुख्य शहरसँग बसोबासको बिस्तारले जोडिदै आए अहिले त झन सुदूर देहातका गाँऊहरू महानगरपालिकाको परिधि भित्र आइपुगेका छन । पुराना बस्तिहरू त छदैँछ यता नयाँनयँ बस्तीहरू बस्दै गए, नया बासिन्दाहरूले आफ्नो बस्तीको नाम पनि दिदै गए । बसोबास यति घना हुदै गईराखेको छ कि एउटै नामले सिङ्गो बस्तीलाई चिनाउन गाह्रो भो । आफ्नो बसोबासको इलाकालाई चिनाउन स्थानिय बासिन्दाहरूले आफ्नै तरिकाले उपपहिचानहरूको खोजी गर्न थाले र त्यसलाई प्रयोगमा ल्याए । कतिपय यस्ता नयाँ टोलहरूका चिनारी सरकारी अभिलेखमा छैनन् तर जनजिब्रोमा छ ।पछिल्ला बर्षहरूमा वीरगंजमा बसोबासको क्रम कसरी बढ्यो ? को कहाँबाट आए ? नयाँ बसोबास गर्न आएकाहरुले के कस्ता काम गर्न थाले ? पुराना र नयाँ वीरगंज को अन्तरघुलन कसरी हुदै गयो? वीरगंजको रैथाने बासिन्दा को हुन,कसरी मान्ने ? वीरगंजमा बिकसित भएको नयाँ सामाजिकताको महत्व कतिको छ ? पुराना बस्तीका पर्व, जात्राहरू के कुन ?अहिलेपनि केही बाँचिरहेका छन ? नयाँ बासिन्दाहरूले केही अभिनव थालनी गरेका छन कि ? यसका उत्तरहरू खोजिनु पर्छ, यसले बलियो सामाजिकता प्रदान गर्छ, एक अर्काको बुझाईलाई फराकिलो बनाउँछ ।

अहिले वीरगंजले बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुभाषिक पहिचान बनाएको छ । एउटा बासिन्दा आफुमात्र आएर शहरमा बस्दैन, उसले आफुसँग आफ्नो पृष्ठभूमिजन्य परम्परा र संस्कृति पनि बोकेर आएको हुन्छ । यसरी एउटा ब्यक्तिले आफुसँग सामिप्यताको आधारमा साझापनको खोजी गर्नथाल्दा नयाँ सामूहिक परम्परा उजागर भएर आँउछ ।कतिपय सन्दर्भमा बिभिन्न पृष्ठभूमिकाहरु आफ्नो सामूहिकताकालागि आफ्ना माझ केही साझापनको खोजी गर्छन र एउटा नयाँ परम्पराको शुरुआत हुन पुग्छ ।

यसरी वीरगंजमा नयाँनयँ सामूहिकताको अभ्यास भईरहेको छ , अहिले वीरगंजले यी सबैबीच सामञ्जस्यको खोजी गर्नुपर्ने र आफ्नो समासिक पहिचानलाई मुखरित गर्नुपर्ने भएको छ । वीरगंजका पारम्परिक पहिचानहरूको सम्मान र नयाँ आयामहरूलाई स्वीकार्य गर्ने र प्रोत्साहित गर्ने कामको खाँचो छ ।अनि मात्र वीरगंजभित्र बसोबास गर्नेले आफ्नोपनको अनुभूति गर्छन । के वीरगंज यसकालागि तयारीमा छ , जवाफ कसैसँग छैन ।

### कमजोर राजनीति

गहवामाईको नाउँमा रहेको प्रसिद्ध गहवा गाँऊलाई वीर शमशेर ले आफ्नो ख्याति राख्न कालागि वीरगंज नाँउ दिएर राजधानी आवतजावत गर्न सकिने प्रवेशमार्गको सानो सहरकोरुपमा बसाए । राजधानी को प्रवेशद्वारका रूपमा वीरगंज को ख्याति बढ्दै गएकोमा वीरकाभाई चन्द्र शमशेरलाई भित्रभित्रै ईर्ष्या भईरहेको थियो ।

ऊनी प्रधानमन्त्री भएपछि सन १९२७ ई मा एनजीआर नामांकरण गरेर अमलेखगंजदेखि रक्सौलसम्मको रेल चलाए । तर आफ्नो कुटिल चालले रेललाई सिङ्गै वीरगंज बजारको मध्यमाग हुदैँ लिग ओछ्याउन लगाएर स्टेशनसम्म पुग्ने ब्यवस्था मिलाए ।रेल र गुड्ने लिगको दुई फ्याकमा बांडिएको सहरले कसरी उन्नति गर्नसक्ला भन्ने नकारात्मक योजना उनले बनाए तर कालान्तरमा वीरगंजका लागि बरदान हुन पुग्यो । साहित्यकार ध.च. गोतामेको यस अभिमतले दर्शाऊछ, वीरगंज जन्मिदै शासकहरूको बक्रदृष्टिमा पर्न थाल्यो । तर यसको भौगोलिक अवस्थितिले यसलाई साथ दियो र यो जोगिदैँ आयो । तेज गति समाउने लालसालाई आकार दिने राजनीतिक दृष्टिको अभाव पाईन्छ ।


यहाँका वासिन्दामा यो शहरले प्रत्येक आन्दोलनमा सघाउ पुर्याए पनि बलियो राजनीतिक संरक्षणको अभावमा वीरगंज जति फक्रिनु पर्ने त्यति हुननसकेको गहिरो बुझाई छ । वीरगंजमा २०७० भदौमा पाँच जना पूर्व प्रधानमंत्रीहरूलाई एकै ठाँउमा राखेर ऐतिहासिक समिट स्थानिय उधोग बाणिज्य संघले गर्यो तर आर्थिक मानचित्रबारे एक दशककालागि लिईएको संकल्प समयँगै छोपिदै गयो । मधेश आन्दोलनको नाभी केन्द्र वीरगंजलाई राज्यले उपेक्षा गरे भन्ने गुनासो पनि छ ।

### मैलो कहाँ भयो ?

कुनै बखत बगैचा र पोखरीहरूको शहरले चिनारी पाएको थियो , ती सम्पदाहरू त अब स्मृतिमा शेष रह्यो । यो शहर भीडले भरिएको बहुखण्डी भवनहरूको जंगल बन्दै गएको छ । एक टिप्पणी सुनियो, प्रत्येक मान्छे मतलवी हुदै गए, एकले अर्कालाई धक्का दिदै अगाडि बढन हतारिएका छन । वीरगंजको आफ्नै संस्कृति थियो तर अहिले त सबै कुरा मिसिएको जोगी तरकारी जस्तो ।

वीरगंजको कथा सिर्सिया नदीको चर्चा बिना अधुरो, अपुरो । समय जतिसुकै निष्ठुर वा सह्रदयी किन न होऊन, त्यसले बर्तमानलाई मुठ्ठीमा बाँधेर राख्न सक्दैन , चिप्लिएर अतीतको अञ्जुलिमा गाँसिन पुगिहाल्छ नै । हो यसै किनारमा २००७ साल कात्तिक २६ गते थीरवम मल्ल हुन वा २०२२ चैत्र २८ निर्वाशनकै क्रममा रक्सौलमा मारिएका तेजबहादुर अमात्यलाई अन्तिम शरण दिईयो । तेश्रो मधेश आन्दोलनले दशगजास्थित चर्चित धर्नाको जुन आकार लिन पुग्यो त्यो यसै नदीमाथिको मितेरी पुल हो ।

त्यहींक्रममा स्थानिय पहाड़ी समुदायले ठुलो जुलूस लिएर ऐक्यबध्दता दिन पुगेको थियो ।शहरसँग सांस्कृतिक र सामाजिक साईनो विकसित गर्दै आएको नदी शहरकै कारणले प्रदूषित हुन पुगेको छ । सिर्सिया नदी एक्लो शहरको मध्य भएर बग्दैन, यससँगै सिङ्गो शहर बगिरहेको छ । सिर्सियाको अविरल लयकोसाथ बग्दै गरेर वीरगंज स्वंय पनि नदी झै भईसकेको छ । आदर्श नगरको चर्चित चिया पसल बब्लु टी स्टलमा सुनियो -
राम तेरी गंगा मैली हो गयी है.....



फरबरी २५, २०२३ मा नयाँ दिल्लीको हैदरावाद हाउसमा उनीहरूको भेट हुनुअघि जर्मनीका चान्सलर ओलाफ स्कोल्ज (एल) भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग हात मिलाउँदै। (सज्जाद हुसैन / एएफपी)

# कुवेतमाथि नेपालको २४३ रनको सानदार जित

१३ फागुन, काठमाडौं।
अर्जुन कुमाल र देव खनालले शतक तथा आकाश चन्दको ६ विकेट सहयोगमा आईसीसी यू-१९ विश्वकप एसिया छनोट अन्तर्गत नेपालले कुवेतमाथि २४३ रनको विशाल जित हात पारेको छ।

युएईको मलेक क्रिकेट ग्रउन्डमा नेपालले दिएको ३४४ रनको लक्ष्य पछ्याएको कुवेत ३०।५ ओभरमा १०० रनमा अलआउट भएको हो । कुवेतलाई १०० रनमा अल आउट गर्ने क्रममा आकाश चन्दको ६ विकेट लिए । १० ओभर बलिङ गरेका उनले ४३ रन खर्चिएका हुन्।

६ विकेट लिने आकाश युएई जाने अघिल्लो दिन मात्र टिममा समावेश भएका थिए ।कप्तान गुल्सन झालाई सिनियर टिमबाट रिलिज गर्न प्रशिक्षक मोन्टी देसाईँले नमानेपछि उनको स्थानमा आकाशले अवसर पाएका थिए ।नेपालका तिव्र गतिका बलर हेमन्त धामी र स्पिनर दिपेश कंडेलले समान २-२ विकेट लिए।




कुवेतका लागि ओपनर जुड क्रिस्टोफर सल्धनाले सर्वाधिक २६ रन बनाए। उनले २४ बलमा ४ चौका प्रहार गरे। अर्का ओपनर किशोरभाइ हिन्सुलु १६ बलमा १६ रन बनाए। कुवेतका लागि पहिलो विकेटका ३४ रनको साझेदारी नै सबैभन्दा बढीको साझेदारी रह्यो । मोहम्मद रसिकले १९ रन बनाए भने अन्य कुनै ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर ३४३ रन बनाएको हो।

नेपालका लागि विस्फोटक ब्याटिङ गरेका देव खनाल १२५ रनमा आउट भए। ११७ बलको सामना गरेका उनले ९ चौका र ३ छक्का हानेका थिए ।यस्तै अर्जुन कुमाल १०८ रनमा आउट भए । ११२ बल खेलेका उनले १२ चौका हानेका थिए ।अर्जुनको करिअरको यो पहिलो शतक हो । उनले गत वर्ष यू(१९ एसिया कपमा बंगलादेशविरुद्धको खेलमा डेब्यू गरेका थिए ।गण्डकी प्रदेशबाट खेल्ने उनले घरेलु क्रिकेटमा पनि सानदार प्रदर्शन गर्दै आएका छन्।

विशाल विक्रम केसी २३ तथा दीपक बोहरा १९ रनमा आउट भए । ओपनर दीपक बोहोराले १३ रन बनाए। आकाश त्रिपाठी र सुवास भण्डारी २ रन बनाउँदै आउट भएका थिए ।दीपकप्रसाद डुम्रे २० र दिपेश कँडेल २ रनमा नटआउट रहे।

# विजेताहरुलाई पुरस्कार तथा शिल्ड वितरण

मधेशदृष्टि
वीरगञ्ज,१३ फागुन।
ठाकुर राम बहुमुखी क्याम्पस बि.बि.ए डिपार्टमेन्ट एनुवल स्पोर्ट्स डेको अवसरमा आयोजित खेलकुद प्रतियोगिताका विजेताहरुलाई पुरस्कार तथा शिल्ड बितरण गरिएको छ।

क्याम्पसमा आयोजित कार्यक्रममा वीरगंज महानगरपालिकाका उप-प्रमुख इम्तियाज आलमले विजेता विधार्थीहरुलाई पुरस्कार वितरण गरेका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै उप-प्रमुख आलमले ठाकुराम क्याम्पसबाट उच्च शिक्षा हासिल गर्ने व्यक्ति देशको प्रधानमन्त्री, मन्त्री, प्रदेशको मुख्यमन्त्री, ठूल्ठूला उद्योगी व्यवसायी, ख्याती प्राप्त पत्रकार, साहित्यकार भएको हुँदा ठाकुररामको ईतिहास कसैले चाहेर रोक्तन नसक्ने बताए। उनले विगतमा गुणस्तरीय ख्याती कमाएको ठाकुररामलाई पुरानै अवस्थामा पुर्याउन सबैको सामूहिक प्रयास हुनुपर्ने कुरामा जोड दिए। उप-प्रमुख आलमले वीरगंज महानगरपालिकाको तर्फबाट क्याम्पसलाई हुन सक्ने सहयोग गर्न आफू तत्पर रहेको समेत बताए।

बि.बि.ए संकायका क्याम्पस प्रमुख सुशील भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्याम्पस प्रमुख उमेश प्रसाद चौरसिया, रघुनाथ चौरसिया, अनिल कुमार रमन लागायतको सहभागिता रहेको थियो।

# भारतमा मध्य प्रदेशमा ट्रकले बसलाई ठक्कर दिँदा १४ जनाको मृत्यु

नयाँ दिल्ली, १३ फागुन
भारतको मध्य प्रदेश राज्यमा सडक छेउमा रोकिराखेको तीनवटा बसलाई ट्रकले ठक्कर दिँदा कम्तीमा १४ जनाको मृत्यु हुनुका साथै ५० जनाभन्दा बढी घाइते भएका छन्।

मध्य प्रदेशको राजधानी भोपालबाट ६१० किलोमिटर उत्तरपूर्वमा पर्ने सिद्धी जिल्लामा शुक्रबार राति सो दुर्घटना भएको हो ।प्रहरीका अनुसार सिमेन्ट बोकेको ट्रकको एउटा टायर फुटेपछि ट्रकले सन्तुलन गुमाउँदा सडकछेउमा पार्किङ गरी राखिएका तीनवटा बसलाई ठक्कर दिएको र आठ जनाको घटनास्थलमै मृत्यु भएको र अन्य छ जनाको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा अहिलेसम्म १४ जनाको मृत्यु भएको




पुष्टि भएको छ भने ५६ जना घाइते भएका छन्, वरिष्ठ प्रहरी अधिकारी मुकेश श्रीवास्तवले भने । घाइतेमध्ये अधिकांशको नजिकैको रेवा जिल्लाको सञ्जय गान्धी अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

अधिकारीहरूका अनुसार भारतका सङ्घीय गृहमन्त्री अमित शाहले सम्बोधन गरेको ऱ्यालीमा सहभागी हुन गएका बस यात्री आफ्नो घर फर्किरहेका थिए । भारतमा सवारीमा अत्यधिक भार बोक्ने, सडकको खराब अवस्था र लापरबाहीका कारण सडक दुर्घटना हुने गरेको छ। भारतमा हरेक वर्ष करिब एक लाख ५० हजार मानिसको सडक दुर्घटनामा मृत्यु हुने गरेको अधिकारीहरूले बताएका छन्।
(रासस/सिन्ह्वा)

# युक्रेन युद्धको छायामा बेलारुसका राष्ट्रपति चीन भ्रमणमा आउँदै

बेइजिङ, १३ फागुन
बेलारुसका राष्ट्रपति अलेक्ज्याण्डर लुकासेन्को यही माघ १६ गते चीनको राजकीय भ्रमणमा यहाँ आउने भएको छ । राष्ट्रपति सी चिनफिङको निमन्त्रणामा उहाँ यहाँ आउन लागेका हुन । चिनियाँ विदेश मन्त्रालयका अनुसार तीनदिने राजकीय भ्रमणका क्रममा उनले आफ्ना समकक्षी सीसँग भेटवार्ता गर्नेछ । राष्ट्रपति लुकासेन्को रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका नजिकका सहयोगी हुनुहुन्छ । उहाँले युक्रेनमा मस्कोको आक्रमणलाई समर्थन गरेका छन् । बेलारुस आर्थिक र राजनीतिक रूपमा आफ्नो छिमेकीमा निर्भर छ । चीनका विदेश मन्त्री छिन गङले आफ्ना बेलारूसी समकक्षी सर्गेई अलेनिकलाई शुक्रबार टेलिफोन गरेर बेइजिङले मिन्स्कसँग पारस्परिक राजनीतिक विश्वासलाई अझ प्रगाढ बनाउन चीन इच्छुक रहेको बताएको चिनियाँ विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।चीनले बेलारुसको राष्ट्रिय स्थायित्व कायम राख्न सहयोग गर्न जारी राख्नेछ, बाह्य शक्तिहरू उसको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने वा मिन्स्कमा गैरकानूनी एवम् एकपक्षीय प्रतिबन्ध लगाउने प्रयासको विरोध गर्ने' वार्ताका क्रममा चिनियाँ विदेशमन्त्रीले आफ्ना समकक्षी अलेनिकलाई बताएका थिए।



गत वर्षको सेप्टेम्बरमा राष्ट्रपतिद्वयबीच उज्बेक शहर समरकन्दमा भेटवार्ता भएको थियो । त्यसबेला उनीहरूले पारस्परिक सहयोग एवम् रणनीतिक साझेदारीको घोषणा गरेका थिए । युक्रेन र रुससँग सीमा जोडिएको बेलारुसले गत वर्ष युक्रेनमाथि आक्रमण गर्न मस्कोलाई आफ्नो भूमि प्रयोग गर्न अनुमति दिएको थियो ।बेलारुसले मस्कोको युद्ध प्रयासमा फेरि सहयोग गर्न सक्ने किएभले चिन्ता व्यक्त गरेको छ। युक्रेन युद्धबारे शुक्रबार चिनियाँ विदेश मन्त्रालयले १२ बुँदे अवधारणापत्र सार्वजनिक गर्दै युक्रेन सङ्कट समाधानका निम्ति तत्काल शान्तिवार्ता थालिनुपर्नेमा जोड दिएको थियो । बेइजिङले शान्ति वार्ताको थालनी तथा क्षेत्रीय सार्वभौमसत्ताको सम्मान गर्न युद्धरत पक्षलाई आह्वान गरेको छ । त्यसनिम्ति अन्तर र्ष्ट्रिय समुदायलाई आफ्नो भूमिका निर्वाह गर्न आह्वान गर्दै चीनले रचनात्मक भूमिका निर्वाह गरिरहने प्रतिबद्धता व्यक्त गरेको छ। चीनले युक्रेन युद्ध अन्त्य गर्ने प्रस्ताव सार्वजनिक गरेपछि युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले चिनियाँ राष्ट्रपति सी चिनफिङलाई भेट्ने योजनामा आफू रहेको बताएका छन् । यद्यपि चीनले यस सम्बन्धमा केही प्रतिक्रिया दिएको छैन । आफ्नो भूमिमाथि रुसी आक्रमणको वार्षिकीका सन्दर्भमा बोल्दै राष्ट्रपति जेलेन्स्कीले प्रस्तुत प्रस्तावबाट चीन शान्तिको खोजीमा रहेको सङ्केत गरेको बताए।

राष्ट्रपति जेलेन्स्कीले रुसलाई चीनले हतियार उपलब्ध गराउँदैन भन्नेमा आफू विश्वस्त हुन चाहेको पनि बताए। चिनियाँ प्रस्तावले शान्तिवार्ता र राष्ट्रिय सार्वभौमसत्ताको सम्मान गर्न आह्वान गरेको उहाँले उल्लेख गरे । चिनियाँ प्रस्तावमा रुसी सेना युक्रेनबाट फर्किनुपर्ने विषय समेटिएको छैन।

यसैबीच, अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि चिनियाँ प्रस्ताव सकारात्मक रहेको उल्लेख गर्दै बेइजिङले मस्कोलाई हातहतियार सहयोग गर्छभन्ने आफूलाई नलागेको बताउनुभएको छ । प्रस्तावबारे एबिसी टेलिभिजनलाई प्रतिक्रिया दिँदै उहाँले त्यसो भन्नुभएको हो । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि चिनियाँ प्रस्तावको प्रशंसा गरेका छन्। (रासस/एएफपी)

# रुसलाई परास्त गर्ने युक्रेनी राष्ट्रपकिो प्रतिबद्धता

किएभ, १३ फागुन
युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले यो वर्ष रुसलाई परास्त गरेरै छाड्ने प्रतिबद्धता व्यक्त गरेका छन् । विदेशबाट जर्मनीमा निर्मित ट्याङ्क र हातहतियार प्राप्त गरेपछि उहाँले रुसलाई पराजित गर्ने प्रतिबद्धता दोहोऱ्याएका हुन।

दोस्रो विश्वयुद्धपछि युरोपमा भीषण युद्ध शुरु भएको वार्षिकीका सन्दर्भमा युरोपेली मुलुकका राजधानीमा रुसी आक्रमणविरुद्ध विरोध प्रदर्शन भएका छन्भने




पश्चिमा राष्ट्रले रुसी ब्याङ्क, सैन्य क्षेत्रलगायत आर्थिक उपार्जनका केन्द्रलाई क्षीण तुल्याउन अझ कठोर प्रतिबन्ध लगाउने अभिव्यक्ति दिइरहेका बेला उत्साहित युक्रेनी राष्ट्रपतिले रुसलाई परास्त गर्ने प्रण गरेका हुन । सात वटा औद्योगिक राष्ट्रको समूहले पनि रुसमाथि गम्भीर नाकाबन्दी लगाउने चेतावनी दिएको छ । पोल्याण्डका प्रधानमन्त्री माटेउज माराविकीले फुत्रेनलाई थप सैन्य सहायता उपलब्ध गराउने बताउनुभएको छ । युक्रेनी विमान चालकहरूलाई लडाकु विमान उडाउने तालिम दिने प्रस्ताव पनि उहाँले अघि सार्नुभएको छ । रुसका पूर्वराष्ट्रपति दिमित्री मेदवेदेवले पोल्याण्डको सिमानाबाट आफ्नो भूमिमा हुने आक्रमणको जवाफ दिन रुस तयार रहेको बताएका छन् । चीनले युक्रेन युद्धका सम्बन्धमा जारी गरेको १२ बुँदे अवधारणापछि राष्ट्रपति जेलेन्स्कीले चिनियाँ राष्ट्रपति सी चिनफिङलाई भेट्ने योजनामा आफू रहेको बताएका छन् । चीनले शान्ति वार्ताको थालनी तथा क्षेत्रीय सार्वभौमसत्ताको सम्मान गर्न युद्धरत पक्षलाई आह्वान गरेको छ। चिनियाँ विदेश मन्त्रालयले जारी गरेको अवधारणपत्रमा अन्तर्राष्ट्रिय समुदायले शान्ति स्थापनाका लागि वार्ताको प्रयास अविलम्ब थाल्नुपर्नेमा जोड दिँदै द्वन्द्वरत पक्षलाई जतिसक्दो चाँडो राजनीतिक समाधानको ढोका खोल्न आह्वान गरेको छ । शान्ति वार्ताको पुनः थालनीका लागि चीनले रचनात्मक भूमिका निर्वाह गरिरहने पनि जनाएको छ । नागरिक संरचना र सुविधामा आक्रमण गर्न नहुने, महिला, बालबालिका र द्वन्द्वका अन्य पीडितहरूको सुरक्षा गरिनुपर्ने युद्ध बन्दीका मौलिक अधिकारको सम्मान हुनुपर्नेमा जोड दिँदै चीनले आणविक ऊर्जा केन्द्रमा आक्रमण गर्ननहुने बताएको छ । साथै उसले आणविक हतियारको धम्की वा प्रयोगको विरोध गर्दै आणविक सङ्कट निम्तिन नदिनेमा सबै चनाखो हुनुपर्ने बताएको छ । (रासस /एएफपी)

# जुनियर विश्वकप कबडीमा सुदूरपश्चिमका पाँच खेलाडी

महेन्द्रनगर, १३ फागुन
सुदूरपश्चिमको कबड्डी खेलको इतिहासमा दुई दशकपछि यहाँका पाँच कबड्डी खेलाडी दोस्रो जुनियर विश्वकप कबड्डी प्रतियोगितामा भाग लिदैछन्।

सुदूरपश्चिममा पनि कञ्चनपुरबाट सिनियरतर्फ पहिलो र दोस्रो विश्वकप कबड्डीमा यहाँका तीन खेलाडीले प्रतिनिधित्व गरेका थिए। आइतबारदेखि इरानमा हुने जुनियर विश्वकप कबड्डीमा सुदूरपश्चिमबाट पहिलो पटक एकसाथ पाँच खेलाडी राष्ट्रिय टिममा अटाउँदै विश्वकपमा भाग लिँदैछन् ।कबड्डीका निर्वतमान मुख्य प्रशिक्षक विष्णुदत्त भट्टले राष्ट्रिय टिममा आफ्नो जबर्जस्त उपस्थिति जनाउँदै इरानमा हुने विश्वकपमा यहाँका पाँच खेलाडी सहभागी हुने बताए। दशमध्ये पाँच जना खेलाडी सुदूरपश्चिमबाट पर्नु सामान्य विषय होइन, उनले भने ,खेलाडीको नियमित प्रशिक्षण, लगन र मेहनतले विश्वकपसम्म पुग्ने अवसर पाए ।मुलुकको प्रतिनिधित्व गर्दै जुनियर विश्वकप खेल्न जानेमा कञ्चनपुरको भीमदत्त नगरपालिकाका प्रकाश गिरी, आकाश भट्ट, विजय दमाईका साथै कैलालीका रामु टमाटा र गणेश पार्की रहेका छन् । जुनियर विश्वकपमा १८ मुलुक सहभागी हुनेछ, भट्टले राससँग भने , विश्वकप जुनियरतर्फ पहिलोपटक सहभागी हाम्रो देशको प्रदर्शन राम्रो हुनेमा आशावादी छौँ । त्यस्तै कबड्डी खेलाडी आकाश भट्टले विगतमा गरेको प्रशिक्षण र खेलेका प्रतियोगिताको अनुभवका आधारमा विश्वकपमा प्रदर्शन गर्ने बताए ।बन्द प्रशिक्षणमा पनि प्रशिक्षण राम्रो भएको छ, उनले भने , पहिलो सहभागिता भएकाले प्रदर्शनमा कमी हुन दिन्नौँ । विश्वकपमा सहभागी भीमदत्त नगरपालिकाका तीनै जना खेलाडी महेन्द्रनगरस्थित कबड्डी प्रशिक्षण केन्द्रमा दुई वर्षयता र कैलालीबाट छनोट भएका दुई खेलाडी भारतको मुम्बैमा प्रशिक्षणरत थिए ।सुदूरपश्चिमबाट सात जना खेलाडी विश्वकपका लागि बन्द प्रशिक्षणमा थिए, निवर्तमान मुख्य प्रशिक्षक भट्टले भने सातमध्ये पाँच जना खेलाडी छनोटमा परे । विसं २०३७ देखि ०३९ सम्म मुलुककै अब्बल सुदूरपश्चिमको कबड्डी टिमले अहिले पनि खेलाडी तयार गर्न र पदक दिलाउने काममा अग्रसर नै रहेको भट्टको भनाइ छ ।सिनियरतर्फ कञ्चनपुरबाट लक्ष्मण अधिकारी, प्रेम थापा, डम्बर बडवाल र महिलातर्फ सरस्वती ऐर र लक्ष्मी ठगुन्नाले विश्वकप कबड्डी खेलिसकेको विगत छ । कञ्चनपुरमा कबड्डीको प्रशिक्षण सञ्चालनमा आएयता कबड्डी खेलप्रतिको आकर्षणसमेत बढेको छ । कबर्डहलमा नियमति ४५/५० जना प्रशिक्षणमा छन भट्टले भने ,कबड्डीको विकासमा यहाँ सङ्घको पनि महत्वपूर्ण भूमिका छ ।त्यसैगरी सिनियरतर्फ पहिलो र दोस्रो विश्वकप खेलेका यहाँका पूर्वराष्ट्रिय खेलाडी लक्ष्मण अधिकारीले आफू दोस्रो विश्वकपमा नेपालको टिममा उपकप्तान रहेको बताए । कबड्डीको विकासमा र खेलाडीको भविष्य सुनिश्चितताका लागि राज्यको ध्यान पुगेन भने अन्तर्राष्ट्रियस्तरमा सहभागिता मात्रै हुने हुन्छ, उनले भने ,राज्यको ध्यान नपुगेकै कारण विगतमा धेरै खेलाडी बाध्य भएर पलायन हुन पुग्यौं ।रासस




वीरगन्जमा रात्रीकालिन खाना तथा सांस्कृतिक मेलाको शनिवार समापन भएको छ। शुक्रवार देखी सुरु भएको मेलालाइ सांसद प्रभु हजारा ले समापन गर्नुभएको हो। समापन कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथी प्रभु हजरा,राज्यमन्त्री रोहबर अन्सारी, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष सुबोध गुप्ता, वीरगंज कलेजका अध्यक्ष डाक्टर दिपेन्द्र चोधरी लगायतको उपस्थिती रहेको थियो। वीरगन्ज महानगरपालिकाको मुख्य प्रायोजन तथा वीरगन्ज कलेजको आयोजनामा मेला सञ्चालन भएको थियो। मेलामा २५ वटा विभिन्न खानाका परिकारको स्टल राखिएको वीरगन्ज कलेजका अध्यक्ष डाक्टर दीपेन्द्र कुमार चौधरीले जानकारी दिए। मेलामा २ दिनमा करीव १० हजार जनाले खाना नास्ता गरेको चौधरीले बताए।
- तस्विरः मधेशदृष्टि

# मधेशका मुख्यमन्त्री यादव 'बेठुवा' हो : कांग्रेस नेताहरु

मधेशदृष्टि, जनकपुरधाम, १३ फागुन।
नेपाली कांग्रेसका नेताहरुले मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई बेठुवा (बोलीको ठेगान नरहेको) को संज्ञा दिएका छन्। शनिबार जनकपुरधामस्थित महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा आयोजित स्व. महेन्द्र नारायण निधिको १०१औं जन्मजयन्ती समारोहमा बोल्दै कांग्रेसी नेताहरुले यस्तो संज्ञा दिएका हुन्।



कार्यक्रममा नेपाली कांग्रेसका प्रदेशसभा सदस्य रामसरोज यादवले मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव 'बेठुवा' हो। राजनीतिक संकिर्णताले कांग्रेसको कार्यक्रममा आउने इच्छा थिएन भने पहिला नै भन्नु पर्थ्यो। तर प्रमुख आतिथ्य स्वीकार गरिसकेपछि नआउनु भनेको बेठुवा होइन भने के हो भने। मुख्यमन्त्री यादवले प्रमुख अतिथीको रुपमा सहभागी हुने प्रतिबद्धता जनाएपनि अन्तिम समयसम्ममा पनि नआउँदा मुख्यमन्त्री यादवप्रति आक्रोश पोख्दै नेता यादवले भने मुख्यमन्त्री बेठुवा हो, उनको बोलीको ठेगानै छैन। प्रदेशसभा सदस्य यादवले मुख्यमन्त्रीलाई बेठुवा भन्दै बिना सेडुलको मुख्यमन्त्री रहेको आरोपसमेत लगाए।
मुख्यमन्त्री यादवलाई कार्यक्रममा प्रमुख अतिथीको रुपमा नआउंदा कांग्रेसका अन्य नेताहरु पनि आक्रोशित हुँदै भने यस्तो पनि मुख्यमन्त्री हुन्छ जसको बोलीको ठेगानै छैन, सेडुलमा समय खाली थिएन भने आमन्त्रण दिनै बेलामा भन्नु पर्थ्यो नि, हामी अरुलाई प्रमुख अतिथि बनाउंथ्यौं। तर यस्ता बेठुवा प्रवृति कुनै राजनीतिक दलका लागि मात्रै नभई आम जनताको विकासको लागि पनि घातक रहेको छ।
कार्यक्रममा कांग्रेस नेता स्मृती नारायण चौधरीले मुख्यमन्त्री यादवको सम्पूर्ण कार्यक्रम कांग्रेसले बहिष्कार गर्नुपर्ने बताए। पार्टीको प्रमुख सचेतक कुमरकान्त झा, जनकपुरधामका पूर्वमेयर बजरंग प्रसाद साह, नेता जगत सुन्दर साह, प्रेस युनियनका उपाध्यक्ष अनिल कर्ण सहितकाले स्व. निधिको स्मरणमा बनाइएको सांस्कृतिक भवनमा प्रहरीले कब्जा गरेको भन्दै छिट्टै खाली गर्न मांग गरे।

# कानून व्यवसायी महिलाहरुको राष्ट्रिय सम्मेलन सम्पन्न

मधेशदृष्टि
वीरगञ्ज,१३ फागुन।
३० बुंदे वीरगंज घोषणा पत्र जारी गर्दै कानून व्यवसायी महिलाहरुको ३० औं राष्ट्रिय सम्मेलन वीरगंजमा सम्पन्न भएको छ।
फागुन १२ र १३ गते वीरगंजमा सम्पन्न कानून व्यवसायी महिलाहरुको ३० औं राष्ट्रिय सम्मेलनबाट ३० बुंदे घोषणा पत्र जारी गरिएको नेपाल बार एशोसिएशन महिला समितिकी अध्यक्ष आशा राईले जानकारी दिएकी छन्।
लैंगिक न्याय, मानव अधिकार, कानूनको शासन, स्वतन्त्र न्यायपालिकाको आधारभूत मान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गर्दै सम्मेलनले वीरगंज घोषणापत्र जारी गरेको अध्यक्ष राईले बताए।




वीरगंज घोषण पत्रमा नेपालको संविधानले प्रत्याभूत गरेको समनता, अविभेद, समावेशिता र समानुपातिकको सिधान्त अनुरुप महिला खासगरी अर्थिक, सामाजिक, सांसकृतिक राजनीतिक, भैंगोलित , जैविक तथा मानसिक वा शारिरीक अन्तरसमूहगतको कारणबाट वहिसकरण र सिमांतिकृतमा परेका वा पारिएका महिलाको विकास, शसशक्तिकरण र राज्यको सम्पूर्ण तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नका लागि नीति तथा कानूनहरुको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा कुरामा जोड दिईएको छ।
न्यायमा पहुचको हक प्रभावकारी कार्यान्वयनका लागि संरचनागत तथा सम्पूर्ण मापदण्डहरुको अनुशरण र अवलम्बन गनुपर्ने ठहर घोषणा पत्रमा गरिएको छ।
त्यसैगरी घोषणा पत्रमा कानून व्यवसायमा महिलाहरुको प्रवेश र स्थायीत्वको समवनमा एवम दक्षताको अभिवृद्धि पेशागत चुनौतिहरुका साथै लैगिक तथा समाजिक न्यायएवाम न्यायमा पहुचका लागि नेपाल बार एशोसिएशनले कानून व्यवसायी महिलाहरुलाइऐ प्राथमिक्तामा राख्नुपर्ने कानून व्यवसायी महिलाहरुको पेशागत हकहित दक्षता तथा सूरक्षा सम्बन्धमा बार एशोसिएशनले आवश्यक नीति तथा कार्यक्रमहरु तयार गर्नुपर्ने, राज्य संयन्त्रका संवैधानिक र न्यायीक लगायतका सम्पूर्ण सार्वजनिक पदहरुमा न्युक्ति तथा मनोनय गर्दा कानून व्यवसायी महिलाहरुको सहभागितको सुनिर्शचिता गर्नुपर्ने, कानून व्यवसायी महिलाहरुलाई सामानिक सुरक्षालगायतका विषयमा ठोस कार्ययोजना बनाउने र प्रभावकारी कार्यान्वयन गर्ने , मानव अधिकारका गम्भीर उल्लघनका घटनाहरुमा फौजदारी न्यायप्रति जवाफदेहीता सुनिश्चित गर्नुपर्ने, द्वन्दकालमा घटेका बलात्कार तथा यौनजन्य हिंसाका घटनामा द्वन्द र पक्षहरुको संस्थागत जिम्मेवारी पुष्टि गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउन वीरगंज सम्मेलनले माग गरेको छ।
३० बुंदे वीरगंज घोषणा पत्रमा अदालतमा भएका भ्रष्टाचार, अनियमितता , ढीलासुस्तीको अन्त्य गर्न वीरगंज सम्मलेनले सर्वोच्च अदालत लगायतका सम्बन्धीत निकायहरुको ध्यानाकर्षण गराउने निर्णय गरेको छ।
त्यसैगरी वीरगंज घोषणा पत्रमा राष्ट्रिय महिला आयोगलाई सक्रीय र प्रभावकारी बनाउन नेपाल सरकार तथा संवैधानिक परिषदको ध्यानाकर्षण गराएको छ। पेशागत उत्कृष्टता, हाम्रो प्रतिबद्धता भन्ने नाराका साथ वीरगञ्जमा सम्पन्न भएको राष्ट्रिय सम्मेलनमा देशभरका करीब ४ सय भन्दा बढी महिला कानुन व्यवासयीको सहभागिता रहेको थियो। सम्मेलनको शुक्रबार एक भव्य कार्यक्रमका बिच सर्वोच्च अदालतका कामु प्रधानन्यायधीश हरिकृष्ण कार्कीले उद्घाटन गरेका थिए।

# महानपामा १ हजार ७ सय आवेदन

मधेशदृष्टि, वीरगञ्ज,१३ फागुन। वीरगञ्ज महानगरपालिकाले विभिन्न पदका लागि आह्वान गरेको दरखास्तमा झण्डै १७ सय जनाले आवेदन बुझाएका छन्। जसमध्ये सबैभन्दा बढी कम्प्युटर अपरेटरका लागि दरखास्त परेको छ। कम्प्युटर अपरेटरमा सबैभन्दा धेरै १ हजार ४८० जनाको आवेदन परेको महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले जानकारी दिएका छन्। चौंथो तहको कम्प्युटर अपरेटरमा ३३ जनाका लागि महानगरले दरखास्त आह्वान गरेको थियो। 'आवेदन बुझाउने बिहीबार अन्तिम दिन सम्ममा विभिन्न पदमा १ हजार ६ सय ८२ जनाले आवेदन बुझाएको पौडेलले जानकारी दिए।
२ जना सिभिल इन्जिनियरको माग भएकोमा २४ जनाको आवेदन परेको छ। यस्तै १/१ जनाको माग भएको रोजगार सहायक र कम्प्युटर इन्जिनियर पदमा क्रमशः २८ र ३१ जनाको आवेदन परेको छ। अमीन सहायक चौंथोका लागि ११ जना माग भएकोमा ११९ जनाको आवेदन परेको छ। खुला प्रतिष्पर्धा बाट करारमा दक्ष जनशक्ति पदपूर्ति गर्नु पर्ने भएकाले महानगरले गएको माग २५ गते सूचना प्रकाशित गर्दै दरखास्त आह्वान गरेको थियो। परीक्षा मिति भने अहिले तय भइ नसकेको र केही दिनमा सार्वजनिक गरिने प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताए।

# बुद्धिजीवीको सम्मान कार्यक्रम सम्पन्न

मधेशदृष्टि
वीरगंज, १३ फागुन। नेपाल बुद्धिजीवी परिषद् पर्साको सम्मान कार्यक्रम सम्पन्न भएको छ। शनिवार सम्पन्न सो कार्यक्रममा प्रमुख अतिथि कृषि तथा पशुपंक्षी विकास मन्त्री ज्वाला साह, विशिष्ठ अतिथि प्रभु हजाराा, विना शर्मा, मधेश प्रदेश अध्यक्ष शम्भुप्रसाद गुप्ता, विचार यादव, जयप्रकाश थारु मन्थरा चौधरी, प्रमोद कुशवाहा, मधेश प्रदेश सदस्य विनोद गिरी र बसिर अहमदको उपस्थिति रहेको थियो।
परिषदका जिल्ला अध्यक्ष डा. सन्तोष कुमार साहको अध्यक्षतामा वीरगंज स्थित नेकपा एमाले पार्टी कार्यालयमा आयोजित सो कार्यक्रममा मधेश प्रदेश पत्रकार महासंघका महासविच श्याम बन्जारा, सदस्य केसी लामिछानेको पनि उपस्थिति रहेको थियो। सो कार्यक्रममा मन्त्री साह, प्रभु हजारा, वीना शर्मा, प्रदेश अध्यक्ष गुप्ता, विचारी यादव लगायतका वक्ताहरुले सम्बोधन गरेको थियो भने गुप्ताले



अतिथिहरुलाई स्वागत गरेका गरेका थिए।

# चुरे अभियानीहरुको धर्ना तेस्रो दिन पनि जारी

मधेशदृष्टि
जनकपुरधाम,१३ फागुन।
पांचवुंदे मागसहित धर्नामा बसेका चुरे तथा वनजंगल संरक्षण अभियानका अभियानीहरुको धर्ना तेस्रो दिन पनि जारी रहेको छ। गत शुक्रवार देखि राराव क्याम्पसको बगलमा धर्ना सुरु गरेका अभियानीहरुलाई स्थानियको हस्तक्षेप पछि शनिवार देखि जनकचौकमा धर्ना दिदै आएका छन्। धर्नामा अहिले सम्म केहि संघ संस्था लगायत क्लोथ बैंक नेपालले एक्यवद्धता जनाएको अभियानका राष्ट्रिय संयोजक सुनिल कुमार यादवले जानकारि दिएका छन्। धर्नामा बसेको तेस्रो दिन वितेपनि अहिले सम्म प्रदेश सरकारबाट कुनै पनि किसीमको पहल नभएको उनले बताए। सयौको संख्यामा धर्नामा बसेका भुमिहिन सुकुम्वासीहरुलाई दैनिक खानपानको समस्या भएपनि अहिले सम्म कुनै पनि निकायबाट सहयोग नपाएको बताए।
अभियानका संरक्षक तथा समाजीक अभियन्ता सरोज रायका अनुसार प्रदेश सरकारले पहल नगरे धर्नालाई आमरण अनसनमा परिवर्तन गर्ने बताए। जनताको मौलिक हक प्रदान गर्नबाट पनि सम्वन्धित निकायले आनाकानी गर्नु दुखद रहेको बताउदै जनताको हक अधिकार परिपुर्तिका लागि तीन वटा तह गठन भएपनि अहिले सम्म कुनै पनि तहले सम्वन्य त परै जाओस पहल सम्म नगर्नु दुखद रहेको बताए।

# प्रदेशले अब थप अधिकार पाउनेछ : यादव

मधेशदृष्टि
जनकपुरधाम, १३ फागुन। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले राष्ट्रपति निर्वाचनका कारण सत्ता समीकरण बारे यसले राजनीतिको नयाँ अध्यायको शुरुवात गरेको बताएका छन्।
शनिबार जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीहरूसँग संक्षिप्त कुराकानी गर्दै अध्यक्ष यादवले राष्ट्रपति निर्वाचन पश्चात सरकार परिमार्जन हुने र जसपा सरकारमा जानेछ अब राष्ट्रपति मात्रै होइन सरकार पनि राष्ट्रिय सहमतिकै हुने बताए।
अहिले परिवर्तन भएको समीकरणले सरकार पनि फेरबदल हुन सक्ने उनले बताए। उनले कांग्रेसको राष्ट्रपति र जसपाको उपराष्ट्रपति सुनिश्चित भइसकेको बताउँदै प्रदेश सरकारमा समेत सत्तासमीकरण हुने बताए।
उनले भने, 'अब जसपा पनि सरकारमा सहभागी हुन तयार छ। नयाँ समीकरणअनुसार सरकार अगाडि बढ्ने भएको छ। राष्ट्रपति कांग्रेसलाई र उपराष्ट्रपति जसपाले दिनेगरी सहमति भएको छ।' यो गठबन्धन अनुसार प्रदेशमा सरकार परिवर्तन हुनेछ। अब प्रदेशले आफ्नो सम्पूर्ण अधिकार पाउनेछ।
अध्यक्ष यादवले अब हुने सत्तासमीकरणले प्रदेशले थप अधिकार पाउने जिकिर समेत गरे। उनले भने अहिलेसम्म प्रदेश सरकारले संविधानमा तोकिए बमोजिमका अधिकार पाउन सकेका थिएन। प्रदेश सरकारले अब संवैधानिक व्यवस्था सहित थप अधिकार पाउनेछ। जसले प्रदेश अधिकार सम्पन्न हुनेछ।

# चोरी गर्दै गर्दा युवक पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, १३ फागुन। चोरी गर्दै गरेको अवस्थामा धनुषा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सिरहाको मिर्चैया नगरपालिका-१ बस्ने २२ ऋषि कुमार ठाकुर रहेको धनुषा प्रहरीले जनाएको छ।
धनुषाको मिथिला बिहारी नगरपालिका-६ तारापट्टि बस्ने श्याम साहको घरमा चोरी गरिरहेको अवस्थामा ठाकुरलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेद प्रकाश गौतमले जानकारी दिएका छन्।
ठाकुरलाई साहको घरभित्र प्रवेश गरी चोरी गरिरहेको सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय तारापट्टीबाट खटेको प्रहरी टोलीले पक्राउ गरेको थियो। चोरी गरिरहेकै क्रममा पक्राउ परेका ठाकुरमाथि घटनास्थलमै कारवाही हुनुपर्ने माग गर्दै पीडित परिवार र स्थानीयले चक्काजाम गर्दै टायर बालेर विरोध प्रदर्शन समेत गरेका छन्। पीडित परिवारले चोरी गरिरहेकै क्रममा पक्राउ परेका ठाकुरलाई आफूहरुले नै ठाउँका ठाउँ कारवाही गर्न पाउनुपर्ने अडान राख्दा प्रहरीसँग विवाद समेत भएको डीएसपी गौतमले बताए। तर, पीडित परिवारले भने प्रहरीले चोरलाई संरक्षण दिएर भगाउन खोज्दा आफूहरुले विरोध जनाएको हो।

# चैत ३ देखि बर्दिबास महोत्सव

मधेशदृष्टि
महोत्तरी, १३ फागुन। महोत्तरीमा चौथो पटक बर्दिवास महोत्सव लाग्ने भएको छ।
आगामी चैत ३ गतेदेखि चौथो बर्दिबासमा महोत्सव सुरु हुन लागेको बर्दिबास उद्योग वाणिज्य संघले जनाएको छ।
बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष विष्णुवहादुर खड्काले भने, 'उद्योग व्यापार र कलाको विकास गरौं, साहित्य संस्कृतिको संरक्षण गर्दै प्रबर्द्धन गरौं' भन्ने भावका साथ चौथो पटक महोत्सव आयोजना गर्न लागिएको हो।' उनका अनुसार चैत ३ गतेबाट सुरु हुने महोत्सव चैत १३ गतेसम्म चल्ने छ।
नगर भित्रको धार्मिक एवं पर्यटकीय क्षेत्रहरुको ऐतिहासिक महत्व बारे महोत्सवको माध्यमवाट प्रचार प्रसार गरी नगर क्षेत्रको ऐतिहासिक पर्यटन प्रवर्धन गर्ने, नगरभित्रका साना उधमिहरुको उत्पादन र उधमशीलताको प्रचारप्रसार गरि व्यापार प्रवर्द्धन र लगानी गर्न प्रोत्साहित गर्ने, नगरको कृषि तथा पशु क्षेत्रका स्थरीय उत्पादनाहरुको बजार व्यवस्थापन गरि उपभोक्ताहरुमा प्रचारप्रसार, आन्तरिक उत्पादनहरु लाई प्रोत्साहन, बर्दिवासमा लगानीमैत्री वातावरणको सिर्जना गर्ने महोत्सवको उद्देश्यले अध्यक्ष खड्काले जनाएको छ।

# अखिल नेपाल शिक्षक संगठनको अध्यक्षमा यादव

किशोर मण्डल
जनकपुरधाम, १३ फागुन। सत्तारुढ दल नेकपा माओवादी केन्द्र निकट एकीकृत अखिल नेपाल शिक्षक संगठन धनुषाको अध्यक्षमा तेस्रो कार्यकालका लागि पुनः धर्मेन्द्र कुमार यादव चयन भएको छ।
शनिबार जनकपुरधाममा सम्पन्न पाँचौ जिल्ला अधिवेशनबाट यादवको नेतृत्वमा ३९ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरिएको जनाइएको छ।
संगठनको बरिष्ठ उपाध्यक्षमा देव नन्दन ठाकुर, महिला उपाध्यक्षमा इन्दु नायक, उपाध्यक्षमा कृष्ण भिनवार, सचिवमा मनोज कुमार यादव, सह-सचिवमा गंगा यादव, अर्थ महासचिवमा सुरेद्र यादव र अर्थ उपसचिवमा मञ्जु कँटेल चयन भएको अध्यक्ष यादवले जनाएको छ। त्यसैगरी सदस्यहरुमा शम्भुनाथ साह, विक्रम साह, संजिव मण्डल, लड्डु साह, प्रमोद शरण केवट, असलम राइन, संजिव कुमार सिंह, जिवछ यादव, प्रमोद विराजी, सफिद राइन, अशोक कुमार मण्डल, अमरनाथ प्रसाद साह र गुरु दयाल ठाकुर लगायतका चयन भएको हो। अधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रमुख अतिथी नेकपा माओवादी केन्द्रका पोलिटब्युरो सदस्य एवम् पूर्व शिक्षा विज्ञान तथा प्रविधि राज्यमन्त्री बोधमाया यादवले शिक्षकहरुको विकासका लागि आफू निरन्तर लागि रहने बताईन। उनले शैक्षिकस्तर विकासमा बालबिकास शिक्षक, राहत शिक्षक र अस्थायी शिक्षक तथा संघीय कानून निर्माण लगायतका प्रमुख समस्याहरु रहेको र त्यसको समाधानका लागि आफू मन्त्री हुँदा निकै नै प्रयास गरे तर गर्न सकेनौं। मन्त्री नभएपनि हाम्रो पार्टीको नेतृत्वमा सरकार रहेकाले ती समस्या समाधानका लागि प्रधानमन्त्रीलाई दबाव दिने बताईन। नेतृ यादवले बालविकास शिक्षकको बढेको तलब मधेश प्रदेशमा कार्यान्वयन नभएको गुनासो गर्दै यस सम्बन्धमा आफू मन्त्री हुँदा मन्त्रालयका केन्द्रिय सचिव र प्रदेश सरकारसँग कुरा गर्दा पनि कार्यान्वयन नगर्नु दुःखद रहेको भनिन्। कार्यक्रममा माओवादी केन्द्रका पोलिटब्युरो सदस्य तथा धनुषा जिल्ला इन्चार्ज श्रवण यादवले अहिले भद्रगोल राजनीतिमा हाम्रो पार्टी तेश्रो स्थानमा रहेपनि पार्टी अध्यक्ष प्रचण्डले गोल हानेको छ। एमालेसँगको समीकरणमा पछाडिबाट र अब कांग्रेस गठबन्धनमा दायाँबाट गोल हानेको भन्दै शिक्षा क्षेत्रमा पनि कुनै न कुनै रुपमा गोल हान्नेछ भन्ने आफूलाई विश्वास रहेको भने।
सो कार्यक्रममा पार्टी जिल्ला अध्यक्ष दिपक यादव, एकिकृत अखिल नेपाल शिक्षक संगठनका केन्द्रीय सचिव तथा नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिका सदस्य दिनेश राय, केन्द्रीय सदस्य रेखा यादव, पूर्व केन्द्रीय सदस्य चन्देश्वर ठाकुर, राहत शिक्षक विभाग मधेस प्रदेशका अध्यक्ष तथा प्रविधिमैत्री विशेष विभाग सह-संयोजक गुलाव यादव, शिक्षक संगठनका मधेस प्रदेश उपाध्यक्ष शिव चन्द्र मण्डल लगायतका वक्ताहरुले पनि आ आफ्ना धारणा राखेका थिए।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल